यो हातेपुस्तिका गैरव्यापारिक C वर्गका अनुमति पत्रहरूमा मात्र लागू हुन्छ।

हामी सबै मिलेर जीवनहरू बचाउन सक्छौं।

MARYLAND MVA DRIVING MOBILITY

CUSTOMER-DRIVEN | INNOVATIVE | TECHNOLOGY-FOCUSED

प्रक्रिया तथा उत्पादन सुरक्षामा सुधार गर्दै MVA ले अनुकरणीय चालक तथा सवारी साधन सेवाहरू उपलब्ध गराउँनेछ जसले मेरिल्याण्डको गतिशीलता र सुरक्षा प्रवर्द्धन गर्दछन्।

सामान्य जानकारी: www.mva.maryland.gov
410-768-7000

सुन्ने क्षमता कमजोर भएकाहरूको लागि TTY:
1-800-492-4575

MVA
Motor Vehicle Administration
6601 Ritchie Highway, N.E.
Glen Burnie, मेरिल्याण्ड 21062

मेरिल्याण्ड सडक विभाग

DL-002 (08/16)

Maryland

चालक हातेपुस्तिका

मेरिल्याण्ड सवारी साधन प्रशासन

गैरव्यापारी C वर्गका अनुमति पत्रहरूमा मात्र लागू हुन्छ

हामी सबै मिलेर जीवनहरू बचाउन सक्छौं।

प्रक्रिया तथा उत्पादन सुरक्षामा सुधार गर्दै MVA ले अनुकरणीय चालक तथा सवारी साधन सेवाहरू उपलब्ध गराउँनेछ जसले मेरिल्याण्डको गतिशीलता र सुरक्षा प्रवर्द्धन गर्दछन्।

सामान्य जानकारी: www.mva.maryland.gov
410-768-7000

सुन्ने क्षमता कमजोर भएकाहरूको लागि TTY:
1-800-492-4575

प्रशासकबाट सन्देश

आदरणीय सवारी चालकः

सवारी साधन दुर्घटनाबाट प्रत्येक 14 मिनेटमा कोही मर्छन्, प्रत्येक 10 सेकेण्डमा चोटपटक लाग्छ र प्रत्येक 5 सेकेण्डमा एउटा सवारी साधन दुर्घटना हुन्छ भन्ने कुरा तपाईंलाई थाहा छ? भर्खरका नयाँ चालकहरूको लागि, मेरिल्याण्ड चालक अनुमति पत्र प्राप्त गर्नु सडक स्वतन्त्रताको पहिलो कदम हो। नयाँ चालकको लागि यो उत्साहपूर्ण समय हो र धेरै खतरनाक समय पनि हो। सवारी साधन चलाउनु विशेषअधिकार वा सुबिधाको विषय हो भन्ने कुरा सम्झन जरूरी छ र हाम्रा सडकहरूमा सबै चालकहरू सुरक्षित रहनको लागि तपाईंले पनि सुरक्षित भुमिका निर्वाह गर्नुपर्छ।

ठूला सडकमा लैजानुहोस्: सडक मिलेर प्रयोग गर्नुहोस् - यो सबैको साझा हो ।

सवारी चालकको रूपमा, हामीले विभिन्न उमेर, सिपको स्तर, व्यक्तित्व र बानीहरू भएका चालकहरूसँग मिलेर सडक प्रयोग गर्छौं। हामीले पैदल यात्री, साइकल यात्री, मोटर चालक, ट्रकहरू तथा विविध आकारका साधनहरू प्रयोग गर्नेहरूसँग मिलेर सडक प्रयोग गर्छौं। सडकमा रहँदा हामीले दिनहुँ भेट्ने विविध सडक प्रयोगकर्ताहरूले भोग्ने फरकफरक प्रकृतिका बाधा तथा चुनौतिहरूको बुझाइले हामीलाई थप सम्मानजनक र विवेकशील बनाउँछ।

हरेक दिन, हजारौं चालकहरूले अरू काम गर्दै गाडी चलाउँने, अत्यधिक गतिमा गाडी चलाउने, अगाडिको गाडीलाई हानौंला झैं गरी छेवैमा गाडी लैजाने र रातो बत्तीहरूमा गाडी चलाउने निर्णय गर्छन् र अन्य सडक प्रयोगकर्ताहरूमा आक्रोश पोखेर आफू र सडक प्रयोग गर्ने अन्यलाई जोखिममा पार्दछन्। सार्वजनिक सडकहरूमा सवारी साधन चलाउनु भनेको एउटा गम्भीर जिम्मेवारी हो। सवारी साधन सुरक्षित तरिकाले चलाउने कुराको प्रवर्द्धन गर्नु मेरिल्याण्ड सवारी साधन प्रशासनमा हाम्रो प्रतिबद्धता हो। त्यसकारण, यो मुख्य सन्देश सदैव दिमागमा राख्नुहोस् –सबै सडक प्रयोगकर्ताहरूमा केही समानता छ, सडकमा हामी सबै सँगै रहन्छौं। मुख्य सडकको प्रयोग गर्नु तथा सडक सधैं मिलेर प्रयोग गर्नु सबैको जिम्मेवारी हो। हाम्रो लक्ष्य भनेको मेरिल्याण्डका सडकहरूमा हुने मृत्युलाई शुन्यमा पुर्‍याँनु हो, किनभने एकजनाको व्यर्थ मृत्यु भएपनि दुःख भने धेरै जनालाई हुन्छ।

कसरी सुरक्षित चालक हुने भन्ने तपाईंलाई थाहा छ? यस हातेपुस्तिकाको अध्ययन पश्चात, सडकको नियमहरूको बारेमा आफ्नो ज्ञान जाँच्नुहोस् र हाम्रो MVA को वेबसाइट www.maryland.gov मा रहेको अनलाइन सवारी चालक जाँच ट्युटोरियल मा ज्ञान जाँच गर्नुहास्।

मेरिल्याण्ड सवारी साधन प्रशासक

मेरिल्याण्ड सवारी चालक हातेपुस्तिका

विषयसूची

खण्ड

I. सवारी चलाउने क्षमता जाँच आवश्यकताहरू

A. दृष्टि जाँच 4
B. ज्ञान जाँच 4
C. सवारी चलाउने सीपहरूको जाँच 4
D. रिपोर्ट गर्नुपर्ने चिकित्सा अवस्थाहरू 4

खण्ड

II. अनुमति पत्र प्राप्त गर्ने आवश्यकताहरू/ प्रक्रिया

A. नयाँ सवारी चालक/स्नातक अनुमतिपत्र प्रणाली 5
B. सिकारुको निर्देशनमूलक अनुमति 5
C. अस्थायी अनुमति पत्र 6
D. सवारी चालकको अनुमति पत्र 6
E. अनुमति पत्रको लागि नाबालकको निवेदनको सह-हस्ताक्षरी 6
F. सह-हस्ताक्षरीको अनुरोधमा नाबालकको अनुमति पत्रको रद्द 7
G. स्वदेश बाहिरका अनुमति पत्रहरू 7

खण्ड

III. सवारी चलाउने आधारभूत कुराहरू

A. रक्षात्मक तरिकाले सवारी चलाउनुहोस् 8
   1. दृश्यात्मक खोज/सवारी चालक सचेतना 8
   2. जोखिम व्यवस्थापन 8
B. सडकको अधिकार 8
C. सवारी गतिको बुझाइ 9
   1. तीब्र गतिमा गाडी चलाउने 9
   2. अवस्थाहरूमा उपयुक्त गति 9
D. पिछा गर्ने दूरी 9
E. रोकिने दूरी 10
F. एउटै लेनमा सवारी चलाउने 10
G. घुमाउने 10
H. यू आकार बनाई फनक्कै घुमाउने 10
I. बाटो काट्नु 10
J. पार्किङ सम्बन्धी सामान्य नियमहरू 11

खण्ड

IV. सङ्केत, चिन्ह र बाटोमा पोतिएका चिन्हहरू

A. ट्राफिक सङ्केतहरू 12
   1. स्थिर रातो सङ्केत 12
   2. स्थिर पहेँलो संकेत 12
   3. स्थिर हरियो संकेत 12
   4. स्थिर रातो बाणको संकेत 12
   5. स्थिर पहेँलो बाणको संकेत 12
   6. स्थिर हरियो बाणको संकेत 12
   7. झिलिकझिलिक गर्ने चम्किलो रातो संकेत 12
   8. झिलिकझिलिक गर्ने चम्किलो पहेँलो संकेत 13
   9. झिलिकझिलिक गर्ने चम्किलो रातो बाणको संकेत 13
   10. लेन प्रयोगका संकेतहरू 13
B. ट्राफिक चिन्हहरू 13
   1. चिन्हका रङ्गहरू 13
   2. चिन्हका आकारहरू 13
   3. नियामक चिन्हहरू 14
   4. ओभरहेड लेन (आकाशे बाटो) प्रयोगका चिन्हहरू 15
   5. ट्राफिक चेतावनीका चिन्हहरू 15
   6. मार्गलाई सङ्केत गर्ने चिन्हहरू 16
   7. सेवा जानकारी तथा निर्देशिका चिन्हहरू 16
   8. माइललाई सङ्केत गर्ने चिन्हहरू 16
C. राजमार्गको बाटोमा पोतिएका संकेत चिन्हहरू 16
   1. लाइन चिन्हहरूका प्रकारहरू 16
   2. बोटोमा पोतिएका अन्य चिन्हहरू 17
   3. पैदल तथा साइकल यात्रीहरूको लागि बोटोमा पोतिएका चिन्हहरू 18

खण्ड

V. सवारी चलाउन उयुक्त अवस्था तथा परिस्थितिहरू

A. भिजिबिलिटी कम हुँदा सवारी चालन 19
   हेडलाइटको प्रयोग 19
B. रातिमा सवारी चलाउने 19
C. कुहिरोमा सवारी चलाउने 20

D. खराब मौसममा सवारी चलाउने 20
हिउँ/बरफमा सवारी चलाउनको लागि विशेष ध्यान 20
E. चिप्लने 21
F. हाइड्रोप्लानिङ 21
G. सडक–रेलमार्ग क्रसिङ 21
H. कार्यक्षेत्रको सुरक्षा 22
I. परिलेन 23
J. इन्टरस्टेटमा सवारी चलाउने 23
1. इन्टरस्टेटमा प्रवेश गर्ने 23
2. इन्टरस्टेटबाट बाहिर निस्कने 23
3. रोकिने 23
K. शव यात्राहरू 24
L. सुस्त गतिका सवारी साधनहरू 24

खण्ड
VI. खतरनाक रूपमा सवारी चलाउने व्यवहारहरू
A. मदिरा, लागूपदार्थ र सवारी चलाउने 25
1. 21 वर्ष मुनि – मदिरा निषेध 25
2. नियन्त्रित खतरनाक वस्तुहरू (CDS) – गैरकानूनी तथा डाक्टरनिर्देशित औषधिहरू 25
3. खुल्ला मदिराका कन्टेनर 25
4. बालबालिका वाहन 26
B. आक्रमक ड्राइभिङ र सडक क्रोध 26
C. अर्कै कुरामा ध्यान दिएर सवारी चलाउने .. 26
सेल फोनहरू 26
D. निद्राले झुल्दै सवारी चलाउने 27

खण्ड
VII. सडक मिलेर प्रयोग गर्ने
A. पैदलयात्रीको सडक अधिकार
1. अन्धा वा बहिरा पैदलयात्री तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका सडक काट्ने अधिकार 28
2. बाटो काट्ने ठाउँहरूबाट बाटो काट्ने ... 28
B. आकस्मिक सवारी साधनहरू 28
C. ठूला ट्रकहरू 28
बस र ट्रक चालकहरूको दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू 29
D. स्कूलका सवारी साधनहरू 29
E. मोटरसाइकलहरू 30
F. साइकलहरू 30
G. मोपेड तथा स्कुटरहरू 32

खण्ड
VIII. दुर्घटना तथ ट्राफिक रोकिने ठाउँहरू
A. दर्घटनाहरू 33
B. ट्राफिक रोकिने ठाउँहरू 34

खण्ड
IX. अन्य प्रतिबन्ध, उल्लंघन तथा जरिवानाहरू
A. प्रतिबन्धहरू 35
B. निवेदकलाई सूचना - परोक्ष सहमति 35
C. झुटो वा जाली पहिचान पत्र, सवारी चालक अनुमतिपत्र वा सिकारूको निर्देशनमूलक अनुमति ... 36
D. प्रशासनिक कार्यवाहीहरू 36
1. सवारी चालक अनुमतिपत्र निलम्बन 36
2. सवारी चालक अनुमतिपत्र फिर्ता 36
3. सवारी चालक अनुमतिपत्र रद्द 36
E. प्रतिबन्धहरू 36
F. अपाङ्ग पार्किङ स्थलहरू, लाइसेन्स प्लेट तथा प्लेकार्डहरूको प्रयोग 37

खण्ड
X. अन्य महत्त्वपूर्ण जानकारी
A. रिपोर्ट गर्नुपर्ने चिकित्सा अवस्थाहरू 38
B. सवारी चालकको सुपरीवेक्षण – आवश्यकता तथा जिम्मेवारीहरू 38
C. अंग दाता 38
D. मत हाल्न दर्ता गर्नुहोस् 39
E. बीमा आवश्यकताहरू 39
F. सिट बेल्ट सम्बन्धी कानून 39
G. बाल सुरक्षित सिटहरू 39
H. वायु झोलाहरू 39
I. एन्टीलक ब्रेक प्रणाली (ABS) बाट ब्रेक लगाउने 39
J. हेडसेट, इयरफोन तथा इयरप्लगहरूको प्रयोग निषेधित 40
K. समानान्तर पार्किङ 40
L. उल्टो दुई-बिन्दु मोड 40
M. साइकल यात्रीहरूको लागि नियम तथा सुझावहरू 40

खण्ड I - सवारी चलाउने जाँचका लागि आवश्यक कुराहरू

अनुमतिपत्रका लागि आवश्यक कुराहरूमा दृष्टि परीक्षण, ज्ञानको जाँच र सवारी साधनको चित्तबुझ्दो सञ्चालनपछि सवारी चलाउने सीपहरूको जाँच समावेश हुन्छ। विशेष परिस्थितिहरूमा, सवारी साधन प्रशासन (MVA) ले सुरक्षित रूपमा सवारी साधन चलाउन निवेदकसँग केकति क्षमता छ भन्ने बारेमा निर्क्योल गर्न अतिरिक्त परीक्षाहरू पनि जरूरी रहेको ठान्न सक्छ।

A. दृष्टि परीक्षण

मेरिल्याण्डको सवारी चालक अनुमतिपत्र प्राप्त गर्न निवेदन गर्ने सबै निवेदकहरूले अनुमतिपत्र प्राप्त गर्नको लागि दृष्टि परीक्षण उत्तीर्ण गर्नुपर्छ। दृष्टि परीक्षण MVA वा निवेदकको दृष्टि विशेषज्ञले गर्न सक्नेछन्।

सवारी चालक अनुमतिपत्रको लागि छनोट हुन, निवेदकमा निम्न कुराहरू हुनु जरूरी हुन्छः

- दुई आँखाको दृष्टि;
- प्रत्येक आँखामा कम्तीमा पनि 20/40 को दृश्यात्मक तीक्ष्णता; र
- कम्तीमा पनि 140 डिग्रीको दृष्टिको निरन्तर क्षेत्र।

माथिका मापदण्डहरू पूरा गर्न सुधारात्मक लेन्सहरूको आवश्यकता परेको खण्डमा, सवारी चलाउँदा सुधारात्मक लेन्सहरू अनिवार्य रूपमा लगाउनुपर्ने शर्त अनुमतिपत्रमा समावेश गरिनेछ।

दृष्टिका मापदण्डहरू पूरा गर्न नसक्ने व्यक्तिहरूको लागि MVA को वेबसाइटमा अतिरिक्त जानकारी उपलब्ध छ।

B. ज्ञान जाँच

ज्ञान जाँच निवेदकको सवारी साधन सम्बन्धी कानूनहरू, सुरक्षित रूपमा सवारी चलाउने अभ्यासहरू तथा संकेतहरूको बारेमा ज्ञान जाँच गर्नको लागि तयार गरिएको हो। निवेदकलाई जुन जानकारीको बारेमा जाँच गरिन्छ त्यो जानकारी यो हातेपुस्तिकामा दिइएको छ। विशेष रूपमा, जाँच स्वचालित ढाँचामा पूर्वनिर्धारित समाप्ति समयमा प्रस्तुत गरिन्छ।

अनलाइन सवारी चालक जाँच ट्युटोरियल MAV को वेबसाइटमा उपलब्ध छ। ट्युटोरियल एउटा राम्रो अध्ययन सामग्री हो किनभने यसमा ज्ञान जाँचको लागि आवश्यक शीर्षकहरूमा नमुना सामग्री समावेश गरिएको छ। तपाईं पनि ज्ञान जाँचमा आफ्नो सफलता सुनिश्चित गर्न यो सम्पूर्ण हातेपुस्तिका अध्ययन गर्ने विषयमा निश्चित हुनुपर्छ।

C. सवारी चलाउने सीप जाँच

सबै सवारी चलाउने सीप जाँचहरू एप्वाइन्मेन्टको आधारमा मात्र गराइनेछ। सवारी चालक अनुमतिपत्रको लागि सीप जाँच पूर्व निर्धारित हुनुपर्छ। सुन्ने क्षमता कमजोर भएकाहरूको लागि एप्वाइन्टमेन्ट मिलाउन कृपया MVA को वेबसाइट वा 410-768-7000 तथा 1-800-492-4575 TTY मा कल गर्नुहोस्।

सवारी चलाउने जाँच लिन योग्य हुनको लागि, निश्चित आवश्यकता र शर्तहरू पूरा गर्नुपर्छ। उदाहरणको लागि, सवारी साधनमा वैधानिक अनुमतिपत्र प्लेट तथा दर्ता गरिएको र बीमाको प्रमाण हुनुपर्छ। यस अलावा, सवारी साधन सुरक्षित सञ्चालन अवस्थामा हुनुपर्छ, कुनै ठाउँमा फुटेको वा ड्राइभरलाई सुरक्षित राख्ने शीशामा कुनै अवरोध हुनुहुँदैन र कम्तीमा पनि आधा ट्याङ्क ग्याँस हुनुपर्छ।

सवारी चलाउने जाँचमा निर्दिष्ट बाटोमा सवारी चलाउन सक्ने कौशलता र सार्वजनिक सडकहरूमा सवारी चलाउने सीप जाँच समावेश हुन्छ। यो जाँच निवेदकको सवारी चलाउने सीपहरूको मूल्याङ्कन गर्न तथा ट्राफिक नियमहरू पालना गरेनगरेको हेर्न तयार गरिएको हो। सवारी साधन सुरक्षित र जिम्मेवारी पूर्ण ढंगले सञ्चालित हुनुपर्छ।

सुरपरीवेक्षण सवारी चालक (खण्ड X मा परिभाषित गरे अनुरूप) ले जाँच स्थानमा निवेदकलाई साथ दिनुपर्छ। जाँचको अवधिमा निवेदक, जाँचकी(हरू) र MAV द्वारा स्वीकृत दोभाषे, (यदि लागू भएमा) बाहेकलाई सवारी साधन भित्र रहन अनुमति दिइँदैन।

D. रिपोर्ट गर्नुपर्ने चिकित्सा अवस्थाहरू

सिकारू निर्देशनमूलक अनुमति नवीकरण वा सवारी चालक अनुमतिपत्रको लागि आवेदन दिनुपूर्व, रिपोर्ट गर्नुपर्ने चिकित्सा अवस्था भएका निवेदकहरूले राज्य कानूनअनुरूप MVA सवारी चालक तन्दुरुस्ती तथा सुरक्षा विभागमा उक्त अवस्था बारे प्रतिवेदन बुझाउनुपर्छ। (रिपोर्ट गर्नुपर्ने चिकित्सा अवस्थाहरूको पूर्ण सूचीको लागि, खण्ड X - अन्य महत्त्वपूर्ण जानकारी हेर्नुहोस्)

खण्ड II - अनुमतिपत्र प्राप्तिका आवश्यकताहरू/प्रक्रिया

नयाँ निवेदकहरूले व्यक्तिगत रूपमा MVA को पूर्ण सेवा कार्यालयमा आवेदन दिनुपर्छ र उमेर तथा परिचय, कानूनी स्थिति, सामाजिक सुरक्षा नम्बर (SSN) खुल्ने स्वीकार योग्य कागजातहरू वा SAN को लागि अयोग्य हुने प्रमाण र दुईवटा (2) आवासीय कागजातहरू प्रस्तुत गर्नुपर्छ। प्रस्तुत गरिएका परिचय कागजातहरूमध्ये कम्तीमा पनि एउटामा निवेदकको पूरा नाम समावेश हुनुपर्छ। निवेदकले मूल कागजात वा जारी गर्ने एजेन्सीद्वारा प्रमाणीत प्रतिलिपिहरू ल्याउनुपर्छ। प्रतिलिपिहरू, नोटरीद्वारा अनुदित प्रतिलिपिहरू र फेरबदल गरिएका वा मेटिएका कागजातहरू स्वीकार्य हुनेछैनन्। स्वीकार्य कागजातहरूको पूर्ण सूचीको लागि, कृपया MVA को वेबसाइट भिजिट गर्नुहोस्।

A. नयाँ सवारी चालक/स्नातक सवारी चालक अनुमतिपत्र प्रणाली

नयाँ सवारी चालक/स्नातक सवारी चालक अनुमतिपत्र प्रणाली उमेर जेसुकै भएपनि सबै गैरव्यापारी सवारी चालक अनुमति पत्रका निवेदकहरूमा लागू हुन्छ। GLS अनुरूप नयाँ सवारी चालकहरूले पहिला सिकारूको निर्देशनमूलक अनुमति हुँदा सुपरीवेक्षण सवारी चालकको साथमा र त्यसपछि अस्थायी अनुमति पत्र हुँदा निश्चित प्रतिबन्धहरू पालना गर्दै एक्लै सवारी साधन चलाएको अनुभव लिनुपर्छ र त्यसपछि "स्नातक" भएर सवारी चालक अनुमतिपत्र प्राप्त गर्नुपर्छ।

B. सिकारुको निर्देशनमूलक अनुमति

अहिले सम्म गैर व्यापारी C वर्गको सवारी चालक अनुमति-पत्र प्राप्त नगरेका व्यक्तिहरूलाई सिकारूको निर्देशनमूलक अनुमति प्रकार 1 प्राप्त गर्नुपर्छ। सिकारुको निर्देशनमूलक अनुमति प्रकार 1, 2 वर्ष सम्मको लागि मात्र मान्य हुन्छ र अस्थायी अनुमति पत्रको लागि निवेदक योग्य हुनपूर्व कम्तीमा 9 महिनासम्म राख्नुपर्छ।

सिकारुको निर्देशनमूलक अनुमतिको लागि निवेदकमा निम्न कुराहरू हुनुपर्छ:

- कम्तीमा पनि 15 वर्ष 9 महिना उमेर पुगेको हुनुपर्छ। 18 वर्ष उमेर भन्दा कम भएमा, निवेदकका आमाबुवा वा कानूनी अभिभावकले निवेदनमा सह-हस्ताक्षर गर्नुपर्छ;
- 16 वर्ष उमेर भन्दा कम भएमा, पूर्ण सिकारू अनुमति स्कूल उपस्थिति प्रमाणीकरण फाराम (DL-300) प्रस्तुत गर्नुपर्छ।
- दृष्टि परीक्षण तथा ज्ञान जाँच उत्तीर्ण गर्नुपर्छ।

सिकारुको निर्देशनमूलक अनुमति हुँदा, निवेदकले प्रशिक्षक सवारी चालकसँग रहेर 60 घण्टे अभ्यास पूरा गर्नुपर्छ र अभ्यास तथा सीपको दैनिक विवरण शीट राख्नुपर्छ। कम्तीमा पनि अभ्यास अवधिको 10 घण्टा सूर्योदय हुनुपूर्व 30 मिनेट र सूर्यास्तको पछि 30 मिनेटको समय अवधिमा हुनुपर्छ। अभ्यास तथा सीपको दैनिक विवरण शीट MAV को वेबसाइटमा उपलब्ध छ।

ध्यान दिनुहोस्: अक्टुबर 1, 2012 देखि लागू भएअनुरूप, कम्तीमा 25 वर्ष उमेर पुगेको व्यक्ति जसले (स्नातक अनुमतिपत्र प्रणाली – GLS) सिकारू अनुमति प्राप्त गरेको छ र सवारी उल्लङ्घनमा दोषी ठहरिएको छैन वा निर्णयपूर्व अस्थायी छुटकारा (PBJ) प्रदान गरिएको छ भने र उसले कम्तीमा पनि 45 दिन सम्म उक्त अनुमति उपभोग गरेपछि निम्न शर्तहरू पूरा भएको खण्डमा सवारी चलाउने जाँच लिनको लागि योग्य ठहरिन्छ: 1) मेरिल्याण्डको MVA द्वारा स्वीकृत मानकीकृत सवारी चालक शिक्षामा कम्तीमा पनि 30 घण्टे कक्षाकोठाको निर्देशन तथा कम्तीमा 6 घण्टा सवारी साधनको वरिपरी रहेर लिइने निर्देशन तालिम रहेको कार्यक्रम पूरा गरेको छ भने र; 2) यस अलावा, सुपरीवेक्षकको अधिनमा रहेर सवारी चलाएको 14 घण्टे अनुभव (कम्तीमा पनि अभ्यास अवधिको 3 घण्टा भने सूर्योदय हुनुपूर्व 30 मिनेट र सूर्यास्तको पछि 30 मिनेटको समय अवधिमा हुनुपर्छ) र योग्य सुपरीवेक्षक सवारी चालकले निज निवेदकको अभ्यास सीप दैनिक विवरण ढाँचा र प्रमाणीकरण पृष्ठ भरेको छ भने।

ध्यान दिनुहोस्: यदि निवेदक सवारी उल्लङ्घनमा दोषी ठहरिएको छ वा निजलाई निर्णयपूर्व अस्थायी छुटकारा (PBJ) प्रदान गरिएको छ भने, निजले सवारी उल्लङ्घनमा दोषी ठहरिएको वा निर्णयपूर्व अस्थायी छुटकारा (PBJ) पाएको हालैको मिति देखि न्यूनतम 9 महिनासम्म अनुमति उपभोग गर्नुपर्छ, र निजले सवारी चलाउने सीप जाँच लिन योग्य हुनलाई माथि उल्लेखित GLS का बाँकी आवश्यकता र शर्तहरू पूरा गर्नुपर्छ।

सवारी चालक अनुमतिपत्र भएकाहरू, जो कम्तीमा पनि 16 वर्ष 6 महिना पुगेका छन र भिन्न वर्गको सवारी चालक अनुमति पत्र आवेदन गर्न चाहन्छन भने, उनीहरूलाई सिकारुको निर्देशनमूलक अनुमति प्रकार 2 को लागि आवेदन दिन आवश्यक हुनेछ। सिकारुको निर्देशनमूलक अनुमति प्रकार 2,6 महिना सम्मको लागि मात्र मान्य हुन्छ र निवेदक अनुमतिपत्रको लागि जाँच दिन योग्य हुनुपूर्व न्यूनतम 14 दिन सम्म राख्नुपर्छ।

C. अस्थायी अनुमति पत्र

अस्थायी अनुमतिपत्र अहिलेसम्म सवारी चालक अनुमतिपत्र नपाएका वा 18 महिनाभन्दा कम समयको लागि मात्र अनुमतिपत्र पाएका नयाँ सवारी चालकहरूलाई जारी गरिएको बन्देजपूर्ण सवारी चालक अनुमतिपत्र हो।

सिकारुको निर्देशनमूलक अनुमतिबाट अस्थायी अनुमतिपत्र प्रात गर्न चाहने निवेदकहरूमा निम्न कुराहरू हुनु आवश्यक हुन्छः

- कम्तीमा पनि 16 वर्ष 6 महिना उमेर पुगेको हुनुपर्छ;
- मेरिल्याण्डद्वारा स्वीकृत सवारी चालक शिक्षा कार्यक्रम सफलतापूर्वक पूरा गरेको हुनुपर्छ। (स्वीकृति प्राप्त प्रदायकहरूको सूची MVA को वेबसाइटमा फेला पार्न सकिन्छ);
- सुपरीवेक्षण सवारी चालकसँग रहेर न्यूनतम 60 घण्टा अभ्यास गरेको अभिलेख गर्न पूर्ण र हस्ताक्षर सहितको अभ्यास तथा सीपको दैनिक विवरण शीट पेश गर्नुपर्छ;
- मान्य र म्याद नसकिएको मेरिल्याण्डको सिकारुको निर्देशनमूलक अनुमति हुनुपर्छ;
- मेरिल्याण्डको सिकारुको निर्देशनमूलक अनुमति लिएको कम्तीमा पनि 9 महिना हुनुपर्छ;
- कुनैपनि सवारी उल्लङ्घनमा दोषी हुनुहुँदैन वा उक्त 9 महिना भित्र कुनैपनि सवारी उल्लङ्घनको लागि निर्णयपूर्व अस्थायी छुटकारा (PBJ) प्रदान गरिएको हुनुपर्छ;
- सवारी चलाउने जाँच सफलतापूर्वक उत्तीर्ण गर्नुपर्छ।

D. सवारी चालक अनुमति पत्र

सवारी चालक अनुमतिपत्र GLS को अन्तिम चरण हो।

सवारी चालक अनुमतिपत्रको लागि योग्य हुन निवेदकहरूमा निम्न कुराहरू हुनुपर्छः

- कम्तीमा पनि 18 वर्ष उमेर पुगेको हुनुपर्छ;
- 18 महिना सम्म अस्थायी अनुमतिपत्र लिइएको हुनुपर्छ; र
- कुनैपनि सवारी उल्लङ्घनमा दोषी हुनुहुँदैन वा उक्त 18 महिना भित्र कुनैपनि सवारी उल्लङ्घनको लागि निर्णयपूर्व अस्थायी छुटकारा (PBJ) प्रदान गरिएको हुनुपर्छ।

अस्थायी अनुमतिपत्र भएकाहरूले सबै आवश्यकताहरू पूरा गरेपछि, MVA ले स्वतः अस्थायी अनुमति पत्रलाई सवारी चालक अनुमतिपत्रमा परिवर्तन गर्नेछ। यस्तो परिवर्तन गरिएपिछ उक्त परिवर्तन जनाउने कार्ड सवारी चालकलाई मेल गरिनेछ। उक्त कार्ड अस्थायी अनुमतिपत्रसँग साथै बोक्नुपर्छ।

E. अनुमति पत्रको लागि नाबालक निवेदनको सह-हस्ताक्षरी

18 वर्ष उमेर भन्दा कमका नाबालकहरूको निवेदनमा आमाबुबा वा कानूनी अभिभावकले सह-हस्ताक्षर गर्नुपर्छ; आमाबुबाहरू चिनाउने निवेदकको वास्तविक वा प्रमाणित जन्मदर्ताको प्रमाणपत्र, कानूनी अभिभावकहरू चिनाउने अदालतीय कागजातहरू इत्यादि जस्ता नाता प्रमाणपत्र आवश्यक हुन्छ। यदि निवेदक विवाहित छ र विवाहको प्रमाण प्रस्तुत गरिएको छ भने, निवेदकको श्रीमान/श्रीमतीले निज 18 वर्ष भन्दा बढी भएको खण्डमा निवेदनमा सह-हस्ताक्षर गर्न सक्छन्। निवेदकको कुनै आमाबुबा वा कानूनी अभिभावक वा श्रीमान/श्रीमती छैनन् भने, निवेदकको वयस्क रोजगारदाता वा अन्य उत्तरदायी वयस्क व्यक्तिले निवेदनमा सह-हस्ताक्षर गर्न सक्छन्। यस्तो मामिलामा, आमाबुबाको मृत्युको प्रमाणपत्र वा मुक्तिको प्रमाण जस्ता कागजातको आवश्यकता पर्छ।

F. सह-हस्ताक्षरीको अनुरोधमा नाबालक अनुमतिपत्रको रद्द

सह-हस्ताक्षरीले सवारी साधन प्रशासनको प्रशासनिक न्याय विभागमा लिखित अनुरोधद्वारा नाबालक अनुमतिपत्र रद्द गर्न सक्नेछन्। नाबालकको लागि माथिका योग्यताहरू पूरा गरेका सह-हस्ताक्षरीले सह-हस्ताक्षर नगर्दा वा प्रमाणित नगर्दासम्म उक्त रद्दको प्रभाव नाबालक 18 वर्ष नपुग्दासम्म रहन्छ।

G. स्वदेश बाहिरका अनुमतिपत्रहरू

स्वदेश बाहिरको अनुमतिपत्र प्राप्त गरेका व्यक्तिहरूले आफ्नो अनुमतिपत्रलाई मेरिल्याण्ड अनुमतिपत्रमा परिवर्तन गर्नको लागि दृष्टि परीक्षण, ज्ञान जाँच, सवारी चलाउने सीप जाँच र MVA द्वारा स्वीकृत तीन घण्टे मदिरा तथा लागूपदार्थ शिक्षा कार्यक्रम सफलतापूर्वक पूरा गर्न आवश्यक हुन्छ। MVA द्वारा स्वीकृति प्राप्त प्रदायकहरूको अद्यावधिक सूची MVA को वेबसाइटमा फेला पार्न सकिन्छ। स्वदेश बाहिरको अनुमति पत्र अङ्ग्रेजीमा छैन भने, यो अन्तर्राष्ट्रिय अनुमतिपत्र सरहको हुनुपर्छ वा MVA द्वारा स्वीकृतिप्राप्त अनुवादकद्वारा अनुवाद गरिएको हुनुपर्छ।

खण्ड III - सवारी चलाउने आधारभूत कुराहरू

तपाईंले सवारी साधन चलाउनुपूर्व, सवारी चलाउनको लागि तपाईं अनि तपाईंको सवारी साधन सही अवस्थामा हुनुपर्छ। तपाईंसँग मान्य सिकारू अनुमति/सवारी चालक अनुमतिपत्र र सवारी साधन दर्ता कार्ड हुनु अनिवार्य हुन्छ। तपाईंले आफ्नो सिट बेल्टलाई उचित रूपमा बाध्नुपर्छ र सबै यात्रुहरूले पनि सिट बेल्ट बाँधेको सुनिश्चित हुनुपर्छ।

A. रक्षात्मक तरिकाले सवारी चलाउनुहोस्

सवारी चलाउने आधारभूत नियम भनेको सवारी चालकले सडकमा सवारी साधन चलाउँदा दुर्घटनाबाट बच्नको लागि आवश्यकताअनुरूप हरपल सवारी साधनलाई नियन्त्रण गर्नु हो। मोटर गाडी चलाउँदा सुरक्षित ढंगले चलाउने उत्तरदायित्व तपाईंले वहन गर्नुपर्छ। यसो गर्नाले, तपाईं, तपाईंका यात्रुहरू र अन्य सडक यात्रुहरूको जोखिम घटेर जान्छ।

1. दृश्यात्मक खोज/सवारी चालक सचेतना

सुरक्षित र रक्षात्मक तरिकाले सवारी चलाउनको लागि आवश्यक पर्ने निर्णयहरू निरन्तर रूपमा लिनको लागि तयार रहन तपाईंले आफ्नो सवारी साधनको वरिपरी के भइरहेको छ भन्ने कुरा थाहा पाउनुपर्छ। आफ्नो सवारी साधनको वरिपरि अगाडि, छेउ र पछाडि निरन्तर रूपमा निरीक्षण गर्नाले यसबाट तपाईंलाई सडकमा भएका समस्याहरूको कारण थाहा भई सोहीअनुरूप गति घटाउनबढाउन वा सडकमा सवारी साधनको अवस्थिति बदल्न मद्दत मिल्छ।

सडकको अवस्थिति पहिले नै पत्ता लगाई सोहीअनुरूप गति वा लेन परिवर्तन गर्न तयार हुने गर्नाले यसबाट तपाईंले सवारी साधन थप सुरक्षित रूपमा सञ्चालन गर्न र समयमै जोखिम पहिचान गर्न मद्दत मिल्छ।

2. जोखिम व्यवस्थापन

सवारी साधनको सञ्चालन वा चलाउने कार्य जोखिमपूर्ण क्रियाकलाप हो। जोखिम व्यवस्थापन गर्न निम्न चरणहरू मनन् गर्नुहोस् र सुरक्षित तथा उत्तरदायी चालक हुनुहोस्:

- सडकको अवस्थाअनुरूप आफ्नो गति र स्थिति र दिशा समायोजन गर्ने, सवारी साधनको नियन्त्रणमा सुधार गर्ने र प्रतिक्रियाको समय बढाउने;
- मोड संकेतहरू प्रयोग गरी अन्य सवारी चालकहरूलाई आफ्नो उद्देश्यको बारेमा जानकारी दिने, इत्यादि;
- आफ्नो सवारी साधन र अन्य सडक प्रयोगकर्ताहरूबीच सुरक्षित दूरी राख्ने;
- अन्य सवारी चालकहरूले उनीहरूले गर्नुपर्ने काम नै गर्छन् भन्ने अनुमान नगर्ने;
- हरेक पटक सावधानी अपनाउने।

B. सडक अधिकार

सडक अधिकारको नियमहरूले चालकहरूलाई अन्य सवारी चालकहरू वा पैदल यात्रुहरू हुँदाको अवस्थामा के गर्ने भन्ने बारेमा मार्गनिर्देश गर्छ। यी नियमहरूले कुन सवारी चालकले अर्कोलाई सडक अधिकार वा बाटो दिनुपर्छ तथा चौबाटो वा अन्य परिस्थितिमा प्रवेशको अनुक्रम कस्तो हुन्छ भन्ने कुरा निर्धारण गर्छ।

सडक अधिकारको नियमहरूले कसले सडक अधिकार वा बाटो दिनुपर्छ भन्ने कुरा निर्धारण गरेको भए पनि स्वतः सडक अधिकार मिल्छ भन्ने अनुमान कसैले पनि गर्नुहुँदैन। चौबाटोमा हुने अवस्था र परिस्थितिहरूलाई हरबखत मनन् गर्न जरूरी हुन्छ।

तपाईं आफ्नो सवारी साधनलाई दुर्घटनाबाट बचाउनको लागि आवश्यकताअनुरूप नियन्त्रण गर्न उत्तरदायी हुनुहुन्छ।

तपाईंले निम्न अवस्थाहरूमा सडक अधिकार वा बाटो दिनुपर्छ:

- सवारी चालक चौबाटोमा छ वा तपाईं भन्दा अगाडि आएको छ भने;
- तपाईंले बायाँ मोड्न लिन खोजिरहँदा, सवारी चालकहरू विपरित ट्राफिक लेनमा छन् भने;
- तपाईं र अन्य सवारी चालक एकै समय चौबाटोमा पुग्नु भयो तर निज सवारी चालक तपाईंको दायाँ छेउमा छ भने;
- तपाईं वाहन मार्ग वा निजी मार्गबाट सडकमा प्रवेश गरिरहँदा, सार्वजनिक सडकमा सवारी चालकहरू छन् भने;
- तपाईं प्रवेशद्वारमा वा गतिवृद्धिको अवस्थामा हुँदा, सवारी चालकहरू पहिलेनै सिमित पहुँच वा इन्टरस्टेट सडकमा छन् भने;
- रोक्ने संकेतहरूद्वारा नियन्त्रित चारवटा बाटो भएको चौबाटोमा तपाईंको दायाँ छेउमा सवारी चालक छ भने;
- पैदल यात्रु, साइकल यात्रु र अन्य सवारी चालकहरू जो अझैपनि चौबाटोमा छन् भने;

- सवारी चालक थ्रु हाइवेमा छन् र तपाईं "T" चौबाटोमा हुनुहुन्छ अनि दायाँ वा बायाँ मोड मध्ये एउटा द्वारा थ्रु हाइवे प्रवेश गर्दै हुनुहुन्छ भने;
- तपाईं यिल्ड साइन अर्थात बाटो छोड/देऊ भन्ने चिन्ह भएको चौबाटो नजिक पुग्दैहुनुहुन्छ र त्यहाँ अन्य सवारी चालकहरू छन् भने,

C. सवारीको गति बुझ्ने

खम्बामा राखिएको गतिको सीमा भनेको तपाईंले आदर्श अवस्थामा सडकमा यात्रा गर्न सक्ने अधिकतम कानूनी गति हो। हरपल सुरक्षित गति कायम राख्नु सबै मोटर सवारी चालकहरूको साझा जिम्मेवारी हो।

धेरै सवारी साधन चल्ने स्थानहरूमा अधिकतम गतिसम्म पुगेर अन्य सवारी साधनहरूसँग समान गति कायम राखी सवारी चलाउनु सबैभन्दा सुरक्षित हुन्छ। वास्तवमा, अन्य सवारी साधनको तुलनामा सुस्त गतिमा यात्रा गर्दा, अन्य सवारी साधनलाई तपाईं भन्दा निरन्तर अगाडि जाने प्रोत्साहन मिल्छ जसले दुर्घटना हुने सम्भावनालाई बढाउँछ।

1. तीब्र गतिमा गाडी चलाउने

सवारी साधन दुर्घटनाको सबै भन्दा आम कारणहरू भनेको अत्यधिक गति हो। अत्यधिक गतिले समयको बचत गर्दैन र प्राय: उच्च जोखिमको निर्णय प्रक्रियातिर डोरयाउँछ।

सवारी साधनको अत्यधिक गतिले गम्भीर तथा धेरै पटक संकटपूर्ण प्रभावहरू पार्दछ किनभने यसले:

- सडकमा बक्र बाटोहरू गाडी घुमाउन वा खाल्डाखुल्डी वा अन्य बाधाअड्चन छलाउने क्षमतालाई घटाउँछ;
- सवारी साधन रोक्नको लागि आवश्यक दूरी लम्ब्याउँछ;
- जोखिम वा खतरनाक अवस्थामा अन्दाजी गर्न तथा प्रतिक्रिया जनाउन सवारी चालकको क्षमता घटाउँछ;
- अन्य सडक प्रयोगकर्ताहरू र पैदल यात्रुहरूले सही दूरी पहिचान गर्न नसक्ने हुनाले दुर्घटनाहरूको जोखिमलाई बढाउँछ;
- दुर्घटनामा दबाव र ठक्करको प्रभाव बढाउँछ, जसको परिणाम गम्भीर शारीरिक चोटपटकहरू तथा मृत्यु पनि हुने सम्भावना रहन्छ।

20 mph को गति भन्दा 60 mph को गतिमा हुने दुर्घटनामा मृत्यु हुने सम्भावना 8 गुनाले बढी हुन्छ! 60 mph को गतिमा कुनै ठोस स्थिर वस्तुलाई ठक्कर दिनु र 10 तल्लाको भवनबाट खस्नु बराबर हुन्छ!

2. विभिन्न अवस्थाहरूमा उपयुक्त गति

सवारी चालकले प्रतिकूल अवस्थाहरूमा आफ्नो गतिलाई पहिचान तथा समायोजन गर्नुपर्छ। मेरिल्याण्ड सवारी साधन कानूनले अस्तित्व र सम्भावित खतराहरूको लागि मोटर सवारी चालकहरूले उपयुक्त तथा बुद्धिमानी गतिमा साधन चलाउन माग गर्छ। तपाईंले सडकको अवस्थाहरू हेरेर, बाटोको छेउको खम्बामा राखिएको गतिको सीमाभन्दा सुस्त गतिमा पनि चलाउन सक्नुहुन्छ, तर खम्बामा राखिएको गतिको सीमाभन्दा द्रुत गतिमा चलाउनु भने गैर-कानूनी छ।

निम्न केही अवस्थाहरूमा सुरक्षाको लागि गति घटाउन आवश्यक हुन्छ:

- ज्यादै घुमाउरा मोडहरू वा पहाडहरू जहाँ दृश्यता सीमित हुन्छ वा परसम्म देख्न सकिँदैन;
- चिप्ला सडकहरू;
- पैदल यात्रु वा जनावरहरू हुन सक्ने सडकहरू;
- किनमेल गर्ने केन्द्रहरू, धेरै पार्किङ हुने ठाउँ र व्यापारिक क्षेत्रहरू;
- सवारी साधन जाम हुने ठाउँ;
- साँघुरा पुल तथा सुरूङहरू;
- शुल्क केन्द्रहरू;
- विद्यालय, खेलमैदान तथा वस्तीका गल्लीहरू;
- रेलमार्ग पार गर्ने ठाउँहरू।

D. पिछा गर्ने दूरी

तपाईंको सवारी साधन र तपाईं अगाडिको सवारी साधनबीच सधै सुरक्षित दूरी कायम राख्नुहोस्। प्राय पछाडि ठोकिनुको कारण एकदमै नजिकबाट पिछा गर्नु हो। सवारी चलाउने आदर्श अवस्थाहरूमा 3 देखि 4 सेकेण्डको दूरी कायम राख्न सिफारिश गरिन्छ। यसको अर्थ, तपाईंलाई तपाईं अगाडिको कारको भेटाउन 3 देखि 4 सेकेण्ड लाग्छ। तपाईं सुरक्षित दूरीमा हुनुहुन्छ वा हुनुहुन्न भन्ने बारेमा निर्क्योल गर्नको लागि अगाडिको पुल, आकाशे पुल, चिन्ह, माइल चिन्ह इत्यादि जस्ता स्थिर वस्तु छान्नुहोस्।

तपाईं अगाडिको कारले उक्त वस्तुलाई पार गरे अनुरूप, 1 एक हजार, 2 एक हजार, 3 एक हजार इत्यादि गन्न सुरु गर्नुहोस्। तपाईंले आफ्नो कारले उक्त वस्तुलाई पार गर्न 3 एक हजार लगाउँछ भने, तपाईं तपाईं अगाडिको कार भन्दा कम्तीमा पनि 3 सेकेण्ड पछि हुनहुन्छ र सुरक्षित दूरीमा यात्रा गर्दै हुनुहुन्छ।

तपाईंले प्रायः रोकिने सवारी साधन (बसहरू, डेलिभरी भ्यानहरू) लाई पछ्याइरहँदा, तपाईंले आफ्नो सवारी साधनको दूरी बढाउनुपर्छ र तपाईं अगाडिको सवारी साधनभन्दा चार वा पाँच सेकेण्ड तथा आवश्यक परेको खण्डमा सम्भव भए जति दूरी कायम राख्नुपर्छ।

E. रोकिने दूरी

तपाईंलाई आफ्नो सवारी साधन रोक्न लाग्ने दूरी तपाईंलाई सवारी चलाउने सुरक्षित गति छान्न महत्त्वपूर्ण हुन्छ। तपाईंको वास्तविक रोकिने दूरी निम्न कुराहरूसहित विभिद तत्वहरूमा निर्भर रहन्छः

- खतरापूर्ण अवस्थामा छ भने, सवारी चालकले हेर्न र पहिचान गर्न लाग्ने समयको अवधि;
- सडकको प्रकार तथा अवस्था;
- टायरको गोट्टीहरूको अवस्था;
- ब्रेकहरूको अवस्था।

F. एउटै लेनमा सवारी चलाउने

तपाईंको सवारी साधन एउटै लेनमा चल्नुपर्छ। तपाईंले लेनहरू बदल्न सुरक्षित नठाने सम्म लेनहरू नबदल्नुहोस्। तपाईंले लेनका लाइनहरूमाथि गाडी चलाउनु हुँदैन र चौबाटोभित्र लेन परिवर्तनहरू बनाउनुपर्छ।

सामान्यतया, तपाईंले समान दिशा तिर गइरहेको सवारी साधनलाई नउछिन्दासम्म वा अवरोध भएर सुरक्षित तरिकाले तपाईंको स्थितिलाई समायोजन गर्न यसले आवश्यक नभएसम्म वा ट्राफिक संकेतले यो गर्नु ठीक हो नभनेसम्म आफ्नो सवारी साधनलाई सडक केन्द्रको दायाँ तिर राख्नुपर्छ।

G. घुमाउने

गाडी मोड्दा वा घुमाउँदा तपाईंले निम्न कुराहरू गर्नुपर्छः

- कुनबेला गाडी मोड्न सकिन्छ भनी निर्देश गर्ने चिन्ह तथा संकेतहरू हेर्ने;
- मोड्को बिन्दुमा पुग्नुपूर्व मोड्ने योजना बनाउनुपर्छ;
- अन्य सवारी सवारी चालकहरूलाई सतर्क बनाउन पहिले नै मोड्को संकेत दिनुपर्छ;
- मोड्नुपूर्व मोड्नु सुरक्षित छ भनी सुनिश्चित गर्न वरिपरि तथा दुवै दिशातिर हेर्नुपर्छ;
- मोड्को लागि आफ्नो सवारीको गतिलाई समायोजन गर्नुपर्छ।

H. यू आकार बनाई फनक्कै घुमाउने (U-टर्न)

U-टर्न अत्यन्तै खतरनाक हुन सक्छ र जतातते कानूनी मान्यता हुँदैन। तपाईंलाई U-टर्न गर्नु छ भने, पहिला U-टर्न अनुमति छ वा छैन जाँच्नुहोस् र त्यसपछि आफ्नो साधनको बायाँ घुम्ने संकेत दिनुहोस्, रोक्नुहोस् र आइरहेका गाडीलाई बाटो दिनुहोस्। बाटो खाली हुँदा, विपरीत दिशामा अर्को बाटो वा दायाँ लेनमा सवारी चलाउनुहोस्।

I. बाटो काट्ने

बाटो काट्न अनुमति हुँदा, तपाईंले निम्न कुराहरू गर्नुपर्छः

- बाटो काट्न समय तथा आवश्यक दूरीको अनुमान गर्नुपर्छ र तपाईं कुनैपनि अन्य सवारी साधनलाई बिना हस्तक्षेप बाटो काट्न सक्नुहुन्छ भनी सुनिश्चित हुनुपर्छ;
- वरिपरि रहेका अन्य सवारी चालकहरूलाई आफ्नो उद्देश्यको जानकारी दिन आफ्नो साधनको मोड्ने संकेत प्रयोग गर्नुपर्छ;
- यथेष्ट ठाउँ छोड्नुहोस् र सुरक्षित दूरीमा अर्को सवारी साधनलाई घुमेर जानुहोस्;
- वास्तविक लेनमा फर्कनुभन्दा पहिले तपाईंको पछाडि हेर्ने ऐनामा गएको सवारी साधनको दुबै हेडलाइटहरू हेर्नुहोस्।

साधारणतया, तपाईं अर्को सवारी साधनको बायाँबाट जानुपर्छ। तर यदि सुरक्षित छ भने, तपाईं सडक मार्गमा रहनुहुन्छ भने र निम्न अवस्थामा तपाईंले दाँयाबाट जानु स्वीकार्य हुन्छः

- अन्य सवारी साधनले बायाँ मोड्दैछ;
- तपाईं समान दिशामा चलिरहेका दुई वा थप लेनहरू सहितको अवरोधरहित राजमार्गमा हुनुहुन्छ; वा
- तपाईं दुई लेनहरू वा थपको लागि पर्याप्त चौडा अवरोधरहित एकतर्फी सडक मार्गमा हुनुहुन्छ।

अन्य सवारी साधनले तपाईलाई उछिन्दा, तपाईंले ती सवारी साधनहरूलाई जान दिनुपर्छ, तपाईंले आफ्नो सवारी साधनको गति बढाउनु हुँदैन।

तपाईंले निम्नलिखित अवस्थामा अन्य सवारी साधनलाई उछिन्न सक्नुहुन्न:

- जहाँ उछिन्न नहुने क्षेत्र छ;
- जहाँ गाढा पहेँलो रेखा सडक मार्ग केन्द्रको तपाईंतर्फ छ;
- जहाँ दोहोरो गाढा पहेँलो रेखाहरू छन्;
- उछिन्ने कार्यले आइरहेका सवारी साधनहरूको सुरक्षित सञ्चालनलाई हस्तक्षेप गर्नेछ;
- पहाडको टुप्पोमा वा घुम्तीमा हुँदा र तपाईं अगाडि पर्याप्त स्पष्ट दृश्य नहुँदा;
- चौबाटो काट्दा वा चौबाटोको 100 फिट भित्रमा रहेमा वा रेलरोड स्तरको बाटो काट्ने प्रक्रियामा;
- जब कुनै पुल, इलेभेटर वा टनेलको 100 फिट भित्रमा पुग्दै गर्दा दृश्यमा अवरूद्ध हुन्छ भने;
- सडकको एक छेउमा खाली छोडिएको आकस्मिक सडक खण्डको दायाँ वा बायाँ भाग।

J. पार्किङ सम्बन्धी सामान्य नियमहरू

पार्क गरिएको तपाईंको सवारी साधन खतरा होइन भनी सुनिश्चित गर्न तपाईं जिम्मेवार हुनुहुन्छ। यातायात ट्राफिकमा वाधाअवरोध नगर्ने, प्रत्येक दिशाबाट आउँदै गरेका सवारी साधनहरूले देखिने गरी र सवारी साधन दौडने कुनैपनि लेनबाट पर्याप्त टाढाको ठाउँमा गाडी पार्क गर्नुपर्छ।

तपाईंले सधै निम्नलिखित कुराहरू गर्नुपर्छ:

- आवश्यकता अनुसार निर्दिष्ट क्षेत्रमा पार्क गर्नुहोस्;
- सडक मार्गको नजिकै पार्किङ गर्दा तपाईंको सवारी साधनलाई यातायात ट्राफिकबाट जतिसक्दो टाढा पार्क गर्नुहोस्। यदि त्यहाँ कर्ब अर्थात बाटोको छेउतिर किनार उठाइएको भाग छ भने जतिसक्दो यसको नजिक पार्क गर्नुहोस्।
- पार्क गर्दा तपाईंको पार्किङ ब्रेक लगाउनुहोस्।
- यदि सवारी साधनसँग मानवचालित सञ्चार छ भने सवारी साधनलाई गियरमा वा यदि यसको स्वचालित सञ्चार छ भने 'पार्क' मा राख्नुहोस्;
- ढोका खोल्नुभन्दा पहिले सवारी साधनको ऐनाहरू र गाडीहरू हेर्नुहोस्। बाहिर आएपछि जतिसक्दो चाँडै ढोका बन्द गर्नुहोस्;
- इग्निशन कि अर्थात गाडीको साँचोहरू तपाईंसँगै राख्नुहोस्। जहिले पनि तपाईंले सवारी साधनलाई छोडेर जाँदा ढोकाहरू लक गर्नु असल बानी हो।

भाग IV - सङ्केत, चिन्ह र बाटोमा पोतिएका चिन्हहरू

ट्राफिक सङ्केत, चिन्ह र फुटपाथको चिन्हहरू सडक मार्ग वा राजमार्गमा हरेकको लागि लागू हुन्छ र तिनीहरू सबै सडकमार्गहरूमा यातायातलाई नियमित गर्ने, चेतावनी दिने वा मार्गनिर्देशन गर्ने प्राथमिक तरिका हुन्। ट्राफिक नियन्त्रण यन्त्रहरू पालना गर्न असफल हुनु दुर्घटनाहरूको मुख्य कारण हो। ट्राफिक नियन्त्रण यन्त्रद्वारा नियन्त्रण गरिएको चौबाटोतिर जाँदै गरेको सवारी साधनको ड्राइभरले व्यक्तिगत सम्पत्तिको नजिक गाडी चलाउन वा ट्राफिक नियन्त्रण यन्त्रबाट बच्ने उद्देश्यले सडक मार्ग छोड्न सक्दैन।

सबै ट्राफिक नियन्त्रण यन्त्रहरूको पालना गर्न नपर्ने अपवादको अवस्था भनेको प्रहरी अधिकारी वा अन्य आपतकालीन व्यक्तिहरूको निर्देशनले प्राथमिकता पाउने आपत्कालीन अवस्था हो। पोशाक लगाएका स्कूलका बाटो कटाउने गार्डहरूलाई पनि स्कूल नजिकको स्थानहरूमा यातायातलाई निर्देशन गर्ने अधिकार हुन्छ।

ट्राफिक सङ्केतले काम नगर्दा, तपाईं स्पष्ट रूपमा चिन्ह लगाइएको रोक्ने रेखामा रोकिनु आवश्यक हुन्छ; वा कुनै बाटो काट्ने ठाउँमा प्रवेश गर्नुभन्दा पहिले त्यहाँ स्पष्ट रूपमा चिन्ह लगाइएको रोक्ने रेखा छैन भने; वा चौबाटोमा प्रवेश गर्नुभन्दा पहिले कुनै स्पष्ट चिन्ह लगाइएको रोक्ने रेखा वा बाटो काट्ने ठाउँ छैन भने र चौबाटोमा कुनैपनि सवारी साधन वा पैदलयात्रीलाई बाटो दिनुहोस् र प्रवेश गर्न सुरक्षित नहुँदासम्म रोकिराख्नुहोस् र चौबाटो हुँदै जानुहोस्। बाटोका बत्तीहरूले काम गरेका छैनन् भने तपाईंलाई देख्न वा हेर्न सहयोग गर्न र अरूले तपाईंलाई देख्न सक्छन् भन्ने कुरा पनि सुनिश्चित गर्न तपाईंको हेडलाइटहरू बालेर राख्न निश्चित हुनुहोस्।

A. ट्राफिक संकेतहरू

1. स्थिर रातो संकेत



रोक्ने रेखामा वा रोक्ने रेखा छैन भने बाटो काट्ने ठाउँ पूर्व वा चौबाटोमा प्रवेश गर्नुभन्दा पहिले पूर्ण रूपमा रोकिनुहोस् र सङ्केत रातो हुँदासम्म रोकिरहनुहोस्। पूर्ण रोक्ने ठाउँमा आएपछि कुनै सङ्केतले रातो बत्तीमा घुम्न निषेध नगर्दासम्म तपाईं दायाँ घुम्न सक्नुहुन्छ वा तपाईं एउटा एकतर्फी बाटोबाट अर्कोमा जान बायाँ घुम्न सक्नुहुन्छ। रातो सङ्केतमा घुम्दा तपाईंले बाटोको दायाँ भागमा पैदल यात्रुहरू र सबै गाडीलाई जान दिनुपर्छ।

2. स्थिर पहेंलो सङ्केत



यसको अर्थ त्यो सङ्केत हरियोबाट रातोमा परिवर्तन हुँदैछ भन्ने हुन्छ। यसको उद्देश्य भनेको आउँदै गरेका यातायातलाई सुरक्षित रूपमा रोक्न समय उपलब्ध गराउनु र सङ्केत रातोमा बदलिनु भन्दा पहिले चौबाटोबाट अन्य सवारी साधनलाई खाली गर्नु हो। तपाईंले सुरक्षित रूपमा रोक्न नसक्ने गरी चौबाटोको अति नजिक हुनुहुन्छ भने सावधानीका साथ चौबाटो हुँदै जानुहोस्।

3. स्थिर हरियो सङ्केत



अन्य सवारी साधनले चौबाटो खाली गरेका छन् भनी हेर्न तपाईंले जाँच गरेपछि सावधानी सहित अगाडि बढ्नुहोस्। अगाडि बढ्न सुरक्षित हुँदा सिधा अगाडि जान चौबाटोमा प्रवेश गर्न वा तपाईंलाई कुनै चिन्ह वा अतिरिक्त सङ्केतले घुम्न निषेध नगर्दासम्म चौबाटोमा घुम्न सक्नुहुन्छ। तपाईंले पहिले नै चौबाटोमा पुगेका पैदल यात्रु र सवारी साधनहरूलाई जान दिनुपर्छ।

4. स्थिर रातो बाणको सङ्केत



तपाईं बाणले सङ्केत गरेको दिशामा जान चाहनुहुन्छ भने रोक्ने रेखा,बाटो काट्ने ठाउँ वा चौबाटोमा पुग्नुभन्दा पहिले पूर्ण रूपमा रोकिनुहोस्। बाण सङ्केत रातो हुँदासम्म रोकिराख्नुहोस्।

5. स्थिर पहेंलो बाणको सङ्केत



यसको अर्थ बाणले सङ्केत गरेको चाल समाप्त हुँदैछ भन्ने हुन्छ। तपाईंले गति कम गर्नुपर्छ र सावधानीका साथ अगाडि बढ्नुपर्छ।

6. स्थिर हरियो बाणको सङ्केत



बाणले देखाएको दिशामा सावधानीका साथ अगाडि बढ्नुहोस् सम्झनुहोस् तपाईंले पहिले नै पुगेका चौबाटोमा सबै पैदल यात्रु र सवारी साधनहरूलाई जान दिनुपर्छ।

7. झिलिकझिलिक गर्ने चम्किलो रातो सङ्केत

रोक्ने रेखामा वा रोक्ने रेखा छैन भने बाटो काट्ने ठाउँ पूर्व वा चौबाटोमा प्रवेश गर्नुभन्दा पहिले पूर्ण रूपमा रोकिनुहोस्। सबै अन्य गाडी र पैदल यात्रुहरूलाई जान दिनुहोस्। मार्ग खाली हुँदा अगाडि बढ्नुहोस्।

पालोपालो झिलिकझिलिक गर्ने चम्किने रातो सङ्केत रेलमार्ग काटिने ठाउँमा राखिएको छ भने तपाईंले रेल नदेखे पनि पूर्ण रूपमा रोकिनुहोस् र मार्ग खाली हुँदा अगाडि बढ्नुहोस्।

8. झिलिकझिलिक गर्ने चम्किलो पहेँलो सङ्केत



तपाईंले गति कम गर्नुपर्छ र सावधानीका साथ अगाडि बढ्नुपर्छ।

9. झिलिकझिलिक गर्ने चम्किलो रातो बाणको सङ्केत



रोक्ने रेखा, बाटो काट्ने ठाउँ वा चौबाटोमा पुग्नुभन्दा पहिले पूर्ण रूपमा रोकिनुहोस् र अन्य सबै गाडी र पैदल यात्रुहरूलाई जान दिनुहोस्। मार्ग खाली हुँदा बाणको दिशामा अगाडि बढ्नुहोस्।

10. लेन प्रयोगका संकेतहरू

यी सङ्केतहरूलाई दिनको विभिन्न घण्टामा लेनको दिशालाई उल्टो बनाइ यातायात प्रवाहलाई नियन्त्रण गर्नको लागि प्रयोग गरिन्छ। लेन र तिनका दिशाहरूलाई चिन्ह, सङ्केत र संकेत चिन्हहरूद्वारा चिन्ह लगाउन सकिन्छ।

तपाईंले कहिल्यै पनि रातो "X" सङ्केत मुनिको लेनमा सवारी चलाउनु हुँदैन।

तपाईंलाई हरियो बाण सङ्केत मुनिको लेनमा सवारी चलाउन अनुमति दिइएको हुन्छ।

स्थिर पहेँलो "X" सङ्केतको अर्थ सवारी चालकले सकेसम्म चाँडो सुरक्षित रूपमा लेनबाट बाहिर जानुपर्छ भन्ने हुन्छ।



झिलिकझिलिक गर्ने पहेँलो "X" सङ्केत वा दुईतर्फी बायाँ घुम्ती बाँणहरूको अर्थ सवारी चालकलाई बायाँ घुम्नको लागि लेन प्रयोग गर्न अनुमति दिइएको छ भन्ने हो। तपाईंले उल्टो बाटोबाट आएका सवारी साधनहरूसँग साझा रूपमा लेन प्रयोग गर्न सक्ने सम्भावना छ।

B. ट्राफिक चिन्हहरू

ट्राफिक चिन्हहरूले सडक प्रयोगकर्ताहरूलाई जानकारी प्रदान गर्नको लागि दुवै प्रतीक र शब्द सन्देशहरू प्रयोग गर्दछन्। तपाईंले ट्राफिक सङ्केतहरूलाई तिनीहरूका आकार र रङका साथ-साथै शब्द, नम्बर वा तिनीहरूमा भएका प्रतीकद्वारा द्रुत रूपमा पहिचान गर्न सक्षम हुनुपर्दछ।

1. चिन्हका रङहरू

ट्राफिक चिन्हको प्रमुख पृष्ठभूमि रङले त्यसले कस्तो प्रकारको जानकारी दिन्छ भनी तपाईंलाई प्रथम दृष्टिमा नै बताउन सक्छ।

a. **रातो** - निषेधित: रोक्नुहोस्, छोड्नुहोस्, प्रवेश नगर्नुहोस् वा गलत बाटो।

b. **पहेँलो** - अगाडि के अपेक्षा गर्ने भनी एक साधारण चेतावनी।

c. **सेतो** - नियामक: जस्तै गति सीमा, दायाँ छेउमा रहनुहोस् र केही निर्देशिका चिन्हहरू।

d. **सुन्तला रङ** - निर्माण र मर्मत कार्य क्षेत्र चेतावनी।

e. **हरियो** - मार्गदर्शक जानकारी: गन्तव्य, दूरी र दिशाहरू।

f. **नीलो** - सडक प्रयोगकर्ता सेवाहरू: जस्तै खाद्यान्न, ग्याँस, विश्राम क्षेत्र चिन्हहरू।

g. **खैरो** - मनोरञ्जन र सांस्कृतिक रूचिका क्षेत्रहरू।

h. **फ्लोरेसेन्ट पहेँलो-हरियो** - विद्यालय, पैदलयात्री र साइकल चिन्हहरू।

i. **फ्लोरेसेन्ट गुलाबी रङ** - आपतकालीन ट्राफिक घटनाहरू।

j. **कालो** - विशेष नियामक चिन्हहरू, जस्तै एक-दिशात्मक चिन्हहरू र परिवर्तनीय सन्देश चिन्हहरू।

2. चिन्ह आकारहरू

ट्राफिक चिन्हको आकारले तपाईंलाई त्यसको रङ भन्दा चिन्हको सन्देश बारेमा धेरै बताउन सक्छ। कमजोर दृश्यता अवस्थाहरू, जस्तै अधिक कुहिरोमा, तपाईंले चिन्हको आकार मात्र ठम्याउन सक्नुहुनेछ, जसले महत्त्पूर्ण जानकारी सम्प्रेषण गर्न सक्छ।



a. **अष्टभुज: रोक्नुहोस्**

अष्टभुज (आठ किनारा भएको) आकारले सधै रोक्नुहोस् भनी अर्थ दिन्छ। तपाईंले सवारी साधनलाई पूर्ण रूपमा रोक्न अनिवार्य छ।

b. **त्रिकोण: छाड्नुहोस्**

गति घटाउनुहोस् र यदि आवश्यक परेमा सवारी साधन र पैदलयात्रीहरूलाई बाटो दिनको लागि रोक्नुहोस्।

c. **विषमकोण: चेतावनी**

यी चिन्हहरूले तपाईंलाई विशेष अवस्था वा अगाडिका जोखिमहरूको बारेमा चेतावनी दिन्छ। तपाईंले गति कम गर्नुपर्ने हुन सक्छ, त्यसैकारण उचित कार्य गर्न तयार रहनुहोस्।



d. **समकोण: नियामक वा मार्गदर्शन**

ठाडो चिन्हहरू सामान्यतया निर्देशनहरू दिन वा तपाईंलाई सडकका नियमहरू बताउन प्रयोग गरिन्छ। तेर्सो स्थानमा, चिन्हहरूले सामान्य रूपमा दिशा वा जानकारी प्रदान गर्दछ।

e. **पञ्चकोण: विद्यालय क्षेत्र र विद्यालय क्रसिङ**

पञ्चकोण (पाँच किनारा भएको) आकारले तपाईंलाई विद्यालय क्षेत्र बारे चेतावनी दिन्छ र विद्यालय क्रसिङ देखाउँछ।



f. **सानो झन्डा: अगाडिको गाडी उछिन्न नमिल्ने ठाउँ**

अगाडिको गाडी उछिन्न नमिल्ने क्षेत्रको सुरुवात बारे सूचना दिन्छ।



g. **वृत्ताकार: रेलमार्ग चेतावनी**

अगाडि रेलमार्ग क्रसिङ छ भनी चेतावनी दिनको लागि प्रयोग गरिन्छ।

h. **क्रसबक: राजमार्ग - रेल क्रस हुने ठाउँ**

रेलमार्ग क्रसिङको पहिचान गर्छ।

i. **विषम चतुर्भुज**

मनोरञ्जनात्मक र सांस्कृतिक रूचिको क्षेत्र र राष्ट्रिय बन मार्गहरू।

3. नियामक चिन्हहरू

यी चिन्हहरूले सडक प्रयोगकर्ताहरूलाई ट्राफिक कानून बारे सूचना प्रदान गर्दछ र तिनीहरूको पालना हुनुपर्छ।

a. **8 किनारा भएको चिन्ह, रातोमा सेतो अक्षरहरू**

तपाईंले राजमार्गमा देख्नुहुने 8 किनारा मात्र भएको चिन्ह भनेको रोक्नुहोस् चिन्ह हो। जब तपाईं रोक्नुहोस् चिन्हमा आइपुग्नुहुन्छ, तपाईंले रोक्नुहोस् रेखामा पूर्ण रूपमा रोक्न अनिवार्य छ। यदि त्यहाँ कुनै पनि रोक्ने रेखा छैन भने, क्रसवाक वा बाटो काट्ने ठाउँ प्रवेश गर्नु अघि रोक्नुहोस्। यदि त्यहाँ कुनै पनि रोक्ने रेखा वा क्रसवाक वा बाटो काट्ने छैन भने, चौबाटोमा प्रवेश गर्नु अघि रोकिनुहोस्। सुरु गर्नुअघि, तपाईंले अन्य सवारी साधन र पैदलयात्रीहरूको लागि बाटो छोड्नुपर्छ। तपाईंले अघि बढ्न सुरक्षित नभएसम्म र पूर्ण रूपमा चौबाटो मार्फत जानको लागि बाटो खाली नभएसम्म अगाडि जानुहुन्न।

b. **3 किनारा भएको चिन्ह, सेतोमा रातो अक्षरहरू**

तपाईंले राजमार्गमा यस प्रकारको अन्य कुनै पनि चिन्ह देख्नुहुनेछैन। तपाईंले बाटो छोड्नुहोस् चिन्हमा पुग्दा सवारी साधनको गति कम गर्नुहोस्। बायाँ र दायाँ हेर्नुहोस्। पैदलयात्री र सवारी साधनहरलाई लागि बाटो दिनुहोस्। तपाईंले सवारी साधन वा पैदलयात्रीहरूको लागि बाटो छाडे पछि, तपाईंले अघि बढ्न सुरक्षित भएपछि मात्र अघि बढ्नुपर्दछ।

c. **समकोण (4 किनारा भएका) चिन्हहरू, सेतोमा कालो**

यी चिन्हहरू ट्राफिकलाई नियमित गर्न प्रयोग गरिन्छ। यो निश्चित चिन्हले तपाईंलाई यो चिन्ह पोस्ट भएको ठाउँको राजमार्गको लागि अधिकतम गति सीमा बारे बताउँछ।

d. **अन्य नियामक चिन्हहरू**

रातोमा मोड्न निषेध

गाडी नउछिन्नुहोस्

प्रवेश नगर्नुहोस्

बायाँ मोड्न निषेध

दायाँ मोड्न निषेध

U टर्न निषेध

बायाँ मोड मात्र

एक तर्फी बाटो

मोड्न निषेध

पार्किङ निषेध

गलत बाटो

बाइक लेन

मिडियन (सडक डिभाइडर) को दायाँमा रहनुहोस्

धेरै व्यक्ति सवार सवारी साधनहरू

बायाँ मोड्नुहोस् हरियोमा बाटो छाड्नुहोस्

अपाङ्ग पार्किङ स्थलको रूपमा आरक्षित

दुई-तर्फी बायाँ मोड मात्र

4. ओभरहेड लेन (आकाशे बाटो) प्रयोगका चिन्हहरू

यी चिन्हहरू लेनको निश्चित प्रयोगका बारेमा मार्गनिर्देश गर्न वा गन्तव्य वा दिशात्मक जानकारी प्रदान गर्नको लागि सडकको माथि राखिन्छन्।





5. ट्राफिक चेतावनी चिन्हहरू

यी चिन्हहरूले सजिलैसँग देख्न नसकिने अवस्थाको बारेमा सडक प्रयोगकर्ताहरूलाई सूचना प्रदान गर्दछन्।

अगाडि रोक्नुहोस्

अगाडि बाटो छोड्नुहोस्

अगाडि संकेत

अति घुमाउरो दायाँ मोड

सुझाव गरिएको गति

निस्कनेर्याम्प सुझाव गरिएको गति

गाडी उछिन्न निषेध गरिएको क्षेत्र

सडक मिसिने

बाटो मोडहरू

अति घुमाउरो घुम्ती

बाटो मोडहरू



छेउको बाटो अगाडि प्रवेश गर्छ

अगाडि "T" चौबाटो छ



"T" चौबाटो अगाडि "T" चौबाटोअघि RR क्रसिङ।

भिजेको बेला चिप्लो

भिरालो डाँडा

अगाडि फ्ल्यागर

विमार्ग

अगाडि सडक कार्य

पैदल यात्री क्रस गर्ने ठाउँ

लेन अन्त्य बायाँ मिसिने

अगाडि सडक विभाजित छ

अगाडि सडक विभाजन अन्त्य हुन्छ

परिपथ

अगाडि विद्यालय बस स्टप

अगाडि विद्यालय क्रसिङ

पैदलयात्रीको साइकल क्रसिङ

मार्ग क्रसिङ

ट्रक क्रसिङ

लेन समाप्त हुन्छ

चौबाटो

6. मार्गलाई सङ्केत गर्ने चिन्हहरू

यी चिन्हहरूले मार्ग नम्बर र सडकको प्रकार पहिचान गर्दछ।

इन्टरस्टेट

U.S. रुट

स्टेट रुट

7. सेवा जानकारी र मार्गदर्शन चिन्हहरू

यी चिन्हहरूले कुनै निश्चित बाटोबाट बाहिर आएपछि आउने आर्थिक व्यवसाय, उत्पादन वा सेवा पहिचान गर्दछन्।

गन्तव्य निर्देशिका

पार्क र राइड

साधारण सेवा चिन्हहरू

अस्पताल

ग्याँस

लजिङ

विमान स्थल

खाद्यान्न

रेल स्टेसन

8. माइललाई सङ्केत गर्ने चिन्हहरू

यी संकेतहरू इन्टरस्टेट सडकमा प्रत्येक माइलमा हुनछन् र यिनले सवारी चालकलाई सहयोग आवश्यक परेको बेला स्थान बिन्दुको रूपमा सेवा प्रदान गर्छन्।

C. राजमार्गको बाटोमा पोतिएका संकेत चिन्हहरू

राजमार्गको बाटोमा पोतिएका संकेत चिन्हहरू, एक्लै प्रयोग गरिने वा ट्राफिक नियन्त्रण यन्त्रहरूलाई पूर्ति गर्नको लागि प्रयोग गरिन्छ, सवारी चालकहरूलाई सडकबाट आफ्नो ध्यान मोड्न आवश्यक नदिई महत्त्वपूर्ण मार्गदर्शन र जानकारी प्रदान गर्न प्रयोग गरिन्छ।

तपाईंले बाटोमा पोतिएका निम्नलिखित सबै संकेत चिन्हहरू पहिचान गर्नुपर्छ र तिनीहरूका अर्थ बुझ्नुपर्दछ। रेखाहरू अझ देखिने पार्न तथा र तिनीहरूको थप महत्व झल्काउनको लागि केही स्थानहरूमा रेखाहरूलाई अधिक चौडा गरिएको हुन सक्छ र/वा सडकको सतहमा राखिएका प्रतिबिम्ब फाल्ने संकेत चिन्हहरूद्वारा परिपूर्ण गरिएको हुन सक्छ।

1. रेखाका प्रकारहरू
संकेत चिन्हहरू

एकोहोरो खण्डित – सेतो

यात्रा समान दिशामा हुँदा लेनहरूको विभाजन जहाँ एक लेन देखि अर्को लेनमा आवतजावत गर्न अनुमति दिइएको हुन्छ; अर्थात् धेरै लेन भएका सडकमार्गहरूमा पोतिएका लेन रेखाहरू।

एकोहोरो खण्डित – पहेंलो



यात्रा विपरित दिशाहरूमा हुँदा लेनहरूको विभाजन जहाँ सावधानीका साथ अगाडिको गाडीलाई उछिन्न अनुमति दिइएको हुन्छः अर्थात् 2-लेन भएको, 2-तर्फी सडकमार्गको बीचको रेखा।

एकोहोरो अखण्डित – सेतो



समान दिशामा यात्रा हुँदा सडकको दायाँ किनारालाई चिन्ह लगाउँछ र लेनहरूको विभाजन गर्छ, तर यहाँ लेन परिवर्तन नगर्न भनिएको हुन्छ। दुवैतिरबाट छलेर अघि जान सकिने अवरोध आउँदा प्रयोग गरिँन्छः अर्थात् - चौबाटो आउँदा दायाँ किनारा रेखा र लेन रेखाहरूमा।

एकसरो अखण्डित – पहेँलो



बिभाजित राजमार्ग, एकतर्फी सडकर मुख्य बाटोमा जोडिने भिरालो बाटोहरूमा पोतिएको बायाँ किनारा रेखा।

दोहोरो (किनारा देखि किनारा) अखण्डित सेतो

यात्रा समान दिशामा हुँदा लेनहरूको विभाजन जहाँ लेन परिवर्तन गर्न निषेध गरिएको छ। सँगै जोडिएको सुविधाप्रद लेनहरूबाट सामान्य यात्रा लेनहरूलाई विभाजन गर्नको लागि प्रयोग गर्न सकिन्छ, जस्तै HOV लेनहरू। दुवैतिरबाट छलेर अघि जान सकिने अवरोध आउँदा पनि प्रयोग गरिँन्छ।

दोहोरो (किनारा देखि किनारा) अखण्डित पहेंलो



यात्रा विपरित दिशामा हुँदा विभाजन जहाँ दुवै दिशामा अगाडिको गाडि उछिन्न निषेध गरिएको छ। यस प्रकारको संकत चिन्हहरूमा बायाँ मोड्ने कार्यलाई भने अनुमति दिइएको छ। दायाँ छेउबाट मात्र अघि जान सकिने अवरोधहरू आउँदा पनि प्रयोग गरिन्छ।

दोहोरो (किनारा देखि किनारा) खण्डित पहेंलो



दुवै दिशामा गाडी चलाउन मिल्ने लेनको किनारा रेखाहरू।

अखण्डित र खण्डित – पहेँलो



यात्रा विपरित दिशामा हुँदा लेनहरूको विभाजनजहाँ खण्डित रेखाको छेउको लेनमा गुडेका गाडीहरूलाई होसियारीको उछिन्न अनुमति दिइएको छ तर अखण्डित रेखाको छेउको लेनमा गुडेका गाडीहरूलाई उछिन्न निषेध गरिएको छ। एक दिशामा मात्र गाडी उछिन्न अनुमति दिइएको दुई-दिशात्मक सडकहरूमा प्रयोग गरिँन्छ। दुई-दिशात्मक बायाँ मोड लेनहरूका किनाराहरूलाई संकेत गर्न पनि प्रयोग गरिन्छ – बाहिर पट्टी अखण्डित रेखाहरू, भित्र पट्टी खण्डित रेखाहरू।

पहेँलो वा सेतो – एकोहोरो थोप्लोहरू



चौबाटोहरूबाट विस्तार गरिएको रेखाहरू। विस्तार गरिएको रेखाको जस्तै रङ लगाइएको हुन्छ। मोड, प्रवेश र इक्जिट लेनहरूलाई थ्रु लेनहरूबाट छुट्याउनको लागि पनि प्रयोग गरिन्छ।

2. बोटोमा पोतिएका अन्य चिन्हहरू

राजमार्गको बाटोमा पोतिएका अन्य संकेत चिन्हहरू सुरक्षित ड्राइभिङको लागि अति आवश्यक छन् र तिनीहरूलाई पहिचान गर्न र बुझ्न पनि महत्त्वपूर्ण हुन्छ। तिनीहरूमा यी कुराहरू समावेश छन्:

a. **रोक्ने रेखाहरू:** सेतो, अखण्डित रेखाहरू जसले रोक्नुहोस् चिन्ह वा रातो ट्राफिक सङ्केतको लागि सवारी साधन कहाँ रोकिनुपर्दछ भन्ने कुरा सङ्केत गर्छ।

b. **बाटो छोड्नुहोस् वा बाटो दिनुहोस् रेखाहरू**: लेनमा विस्तारित भएका पंक्तिबद्ध साना त्रिकोणहरू जसले त्यहाँको सवारी साधनले अन्य सवारी साधन वा पैदल यात्रीहरूलाई बाटो दिनुपर्ने कुरा निर्देशित गर्दछ।

c. **शब्द र प्रतीक संकेत चिन्हरू:**

- लेन प्रयोग, लेन घटेको र यात्राको दिशा जनाउन बाण संकेत चिन्हहरू;
- सन्देश देखाइएको लेनबाट मात्र निर्देशित चाल वा यात्रा गर्न सकिन्छ भन्ने जनाउनको लागि वाणहरू वा अन्य शब्द सन्देशहरूको साथमा प्रयोग गरिने संकेत चिन्हरू;
- 'विद्यालय' र 'RxR' संकेत चिन्हहरू, सवारी चालकहरूलाई विद्यालय क्षेत्र वा रेलमार्ग क्रसिङमा आइपुग्दैछन् भनी चेतावनी दिनको लागि।

3. साइकल र पैदलयात्रीहरूको लागि बाटोमा पोतिएका संकेत चिन्हहरू

साइकलहरूले कुनै विशेष ट्राफिक चिन्ह वा बाटोमा पोतिएका संकेत चिन्हहरू बिना नै मोटरगाडीहरूसँग मेरील्याण्डका धेरैजसो सडकहरू साझा रूपमा प्रयोग गरिराखेका छन्। केही सडकहरूमा, प्राय जसो नगरीय क्षेत्रहरूमा, साझा-प्रयोग लेन संकेत चिन्हहरू हुन्छन् (तस्विरहरू हेर्नुहोस्)। यी संकेत चिन्हहरूले मोटर चालकहरूलाई साइकल चालकहरू सडकमा छन् भनी सतर्क गर्दछन्, साइकल चालकहरूलाई कहाँ साइकल चलाउने भनी निर्देशित गर्दछन्, र गलत दिशामा साइकल नचलाउन निरुत्साहित गर्दछन्।

केही सडकहरूमा यस्ता पोतिएका संकेत चिन्हहरू छन् जसले केबल साइकलहरूको प्रयोगको लागि भनी विशेष रूपमा तोकिएका लेनहरू जनाउँछन्। अखण्डित वा खण्डित सेतो रेखाहरूले यी बाइक लेनहरूलाई मोटर लेनहरूबाट विभाजित गर्दछन्। तपाईंले बाइक लेनहरू बाइक लेन चिन्हहरूले वा साइकल र बाणहरूले संयुक्त रूपमा चिन्हांकित गरिएको देख्न सक्नुहुनेछ। समानन्तर पार्किङ अनुमति दिइएको ठाउँमा, यस्तै प्रकारका रेखाहरूले साइकल लेनहरूलाई पार्किङ लेनहरूबाट विभाजन गरेको हुन सक्छ।

पैदलयात्रीले बाटो काट्ने रेखाहरू सेतो, अखण्डित रेखाहरू हुन् जसले पैदलयात्रीको बाटो काट्ने ठाउँहरूलाई जोड दिन्छ। क्रसवाकहरूमा सेतो, ठोस रेखाहरूबीचमा वा समानन्तर रेखाहरूको ठाउँमा अतिरिक्त रेखाहरू हुन सक्छन्।



बाइक लेन संकेत चिन्ह



साझा-प्रयोग लेन संकेत चिन्हहरू

खण्ड V - ड्राइभिङ अवस्था र परिस्थितिहरू

A. दृश्यता कमजोर भएको अवस्थामा ड्राइभिङ

"साधारण" ड्राइभिङ भन्दा दृश्यता कमजोर भएको अवस्थाहरूमा ड्राइभिङ गर्न कठिन हुन्छ र अतिरिक्त ध्यान र तयारी आवश्यक पर्दछ। दृश्यता कमजोर भएको अवस्थाको ड्राइभिङले विभिन्न परिस्थितिहरू समेट्न सक्छ, तर यो सबैभन्दा अधिक रूपमा रातीको समयको ड्राइभिङ र कुइरो लागेको बेलाको ड्राइभिङसँग सम्बन्धित छ।

दृश्यता कमजोर भएको परिस्थितिहरूमा ड्राइभिङ गर्दा, सडक किनारा रेखा वा सडकको दायाँ छेउलाई मार्गदर्शकको रूपमा प्रयोग गर्नुहोस्। तपाईंले अत्यन्त ढिलासम्म राजमार्ग चिन्हहरू देख्नुहुनेछैन। बाटोमा पोतिएका पहेँलो संकेत चिन्हहरू कहिले पनि तपाईंको दायाँ छेउमा हुनुहुँदैन, सधै तपाईंको बायाँ छेउमा हुनुपर्दछ। पहेँलो रङलाई विपरित दिशाबाट आउने गाडीहरूलाई छुट्याउन र सडकमा दाडिरहेको गाडीहरूको लागि बायाँ किनारा तोक्न प्रयोग गरिन्छ। बाटोमा पोतिएका सेतो संकेत चिन्हहरूले सडकमा दाडिरहेको गाडीहरूको लागि दायाँ किनारा तोक्ने, र साथ-साथै समान दिशामा यात्रा गर्ने ट्राफिकलाई जनाउने गर्दछ।

हेडलाइटको प्रयोग

LIGHTS ON WHEN USING WIPERS

सुरक्षित ड्राइभिङको लागि आफ्नो हेडलाइट कहिले र कसरी प्रयोग गर्नुपर्दछ भनी जान्न महत्त्वपूर्ण हुन्छ। हेटलाइटहरूलाई दृश्यता कमजोर भएको परिस्थितिहरूमा देख्नको लागि मात्र चालकहरूले प्रयोग गर्ने होइन, तर तिनीहरूलाई आइरहेको ट्राफिकद्वारा तपाईंको सवारी साधनलाई पहिचान गर्न पनि मद्दत गर्दछ।

हेडलाइट प्रयोगको लागि आधारभूत नियमहरू

- ड्राइभिङ गर्दा, तपाईंको सवारी साधनको कम्तीमा पनि 1,000 फिट अगाडिसम्म स्पष्ट देख्नको लागि पर्याप्त प्रकाश नभएको कुनै पनि समयमा तपाईंले आफ्नो हेडलाइट अन गर्न अनिवार्य छ।
- हेडलाइटहरू प्रयोग गर्ने प्रमुख समय भनेको राती, कुइरो लागेका समय र तुफानी मौसमहरू हुन्।
- मेरिल्याण्डको कानूनअनुसार तपाईंले कठोर मौसममा आफ्नो विन्डसिल्ड वाइपरहरू प्रयोग गर्दा आफ्नो हेडलाइटहरू बाल्नुपर्छ।

कमजोर प्रकाश हेडलाइट विरुद्ध उच्च प्रकाश हेडलाइटको प्रयोग

हेटलाइट सेटिङहरूको लागि तल केही निर्देशिकाहरू छन्:

कमजोर प्रकाश

निम्न समयमा कमजोर प्रकाश प्रयोग गर्नुहोस्:

- साधारण ड्राइभिङ परिस्थितिहरूमा आफ्नो सवारी साधन सञ्चालन गर्दा, जस्तै राजमार्ग वा स्ट्रिटलाइटहरू भएका सडकहरूमा रातीको समयमा ड्राइभिङ गर्दा;
- कुइरो, बर्षा, हिउँ आदिमा ड्राइभिङ गर्दा;
- सुरूङ वा निर्माण क्षेत्रमा प्रवेश गर्दा। सबै क्षेत्रहरूमा कानूनद्वारा आवश्यक नपरे तापनि, यसले अन्य मोटर चालक र निर्माण कामदारहरूको लागि दृश्यता वृद्धि गर्दछ।

उच्च प्रकाश

अगाडि भएका व्यक्ति वा सवारी साधनहरू हेर्नको लागि, स्ट्रिटलाइटहरूद्वारा प्रकाशमय नगरिएका खुला सडकहरूमा उच्च प्रकाश प्रयोग गर्नुहोस्। सचेत रहनुहोस्, तपाईंले निम्न कुरा अनिवार्य रूपमा गर्नुपर्दछ:

- आउँदै गरेका सवारी साधनलाई सामना गर्नुअघि कम्तीमा पनि 500 फिटअघि कमजोर प्रकाशमा परिवर्तन गर्नुहोस्।
- कुनै सवारी साधनलाई 300 फिट वा कम दूरीबाट पछ्याउँदा कमजोर प्रकाशमा परिवर्तन गर्नुहोस्।

B. राती ड्राइभिङ गर्दा

रातीको ड्राइभिङले चालकहरूको लागि विभिन्न समस्यासिर्जना गर्दछ। राती ड्राइभिङ गर्नु दिउँसो ड्राइभिङ गर्नुभन्दा धेरै जोखिमपूर्ण हुन्छ जसले गर्दा अन्य सवारी साधनको दूरी र गतिलाई अनुमान गर्न धेरै कठिन बनाउँदछ। तपाईंले आफ्नो हेडलाइटहरूले देखाएजति टाढासम्म मात्र देख्न सक्नुहुन्छ। दृश्यता कम्जोर हुने समस्याहरूको कारणले गर्दा रातीको समयमा जोखिम वृद्धि हुन्छ, जसले यात्राको बाटो स्पष्ट रूपमा हेर्न र अन्य चालकहरूका कार्यहरूलाई ठम्याउन कठिनपूर्ण बनाउँदछ।

रातीको समयमा ड्राइभिङ गर्दा पालना गर्नको लागि तल केही सरल सुझावहरू छन्:

- आफ्ना हेडलाइटहरू प्रयोग गर्न र उच्च प्रकाश प्रयोग गर्ने सुझावहरू पालना गर्न निश्चय गर्नुहोस्।

- विपरित लेनबाट आइरहेको ट्राफिक नजिकै जाँदा सवारी साधनको हेडलाइटमा लगातार नहेर्नुहोस्, किनभने यसले तपाईंको देख्ने क्षमतालाई असर गर्नेछ। यसको साटो, आफ्नो आँखालाई आफू अगाडिको सडकमा ध्यानाकर्षित गरि राख्नुहोस्, वा तपाईं यात्रा गरिरहनुभएको लेनको हल्का दायाँ छेउमा राख्नुहोस् (अर्थात् - तपाईंको लेनको दायाँ किनारा वा सडकको किनारामा);
- तपाईंको पछ्याउने दूरी वृद्धि गर्नुहोस्। यसले तपाईं अगाडिको सवारी साधनले झट्टै रोकेको अवस्थामा दुर्घटना हुनबाट रोक्नेछ।

C. कुइरोमा ड्राइभिङ

कुइरोमा ड्राइभिङ गर्दा केही अद्वितीय अवस्थाहरू हुन्छन् जसको कारण चालकले केही अतिरिक्त कार्यहरू गर्नुपर्दछ। कुइरो लागेको अवस्थामा सवारी साधन चलाउनको लागि केही सामान्य मार्गदर्शन र आवश्यकताहरू निम्न छन्:

- तपाईंको सामान्य ड्राइभिङ गति कम गर्नुहोस्;
- जब तपाईंले आफू अगाडि हेडलाइट वा अर्को सवारी साधनको टेललाइट देख्नुहुन्छ, तपाईंको गति अझ कम गर्नुहोस्। तपाईंले तुरुन्त रोक्नको लागि तयार हुन अनिवार्य छ;
- यदि कुइरो यति गाढा छ जसले गर्दा तपाईंले आफ्नो सवारी साधन सुरक्षित रूपमा चलाउन सक्नुहुन्न भने, एक सुरक्षित स्थानमा बाटोबाट पूर्ण रूपमा बाहिर निस्कनुहोस् र आफ्नो आपतकालीन फ्ल्यासहरू बाल्नुहोस्;
- कमजोर प्रकाश भएका हेटलाइटहरू मात्र प्रयोग गर्नुहोस् र यदि तपाईंसँग कुइरोमा बाल्ने विशेष बत्तिहरू भएमा तिनीहरूको प्रयोग गर्नुहोस्।

D. कठिन मौसममा ड्राइभिङ

भिजेका सडक सतहहरू चिप्लो हुन सक्छन्, जसले गर्दा ट्रयाक्सन घटाएर दुर्घटना हुने सम्भावना बढाउँछ। सडक सतहहरू हिउँ र/वा बरफद्वारा ढाकिएको हुँदा यी जोखिमहरू वृद्धि हुन सक्छन्। कठिन मौसममा ड्राइभिङ गर्नको लागि चालकले एकदमै धेरै ध्यान र तयारी गर्न आवश्यक पर्दछ।

कठिन मौसममा ड्राइभिङ गर्दा, दुर्घटना हुने सम्भावनालाई हटाउनको लागि पूर्वकदमहरू चाल्न र तपाईंको सवारी साधनले ट्रयाक्सन गुमाउँदा प्रशस्त ठाउँ प्रदान गर्न महत्त्वपूर्ण हुन्छ। कठिन मौसममा ड्राइभिङ गर्दाका केही सरल पूर्वसावधानीमा निम्न कुराहरू समावेश छन्:

- सुरक्षित दूरी कायम राख्ने - सुक्खा अवस्थामा भन्दा भिजेको सडकहरूमा तपाईं र तपाईं अघिको सवारी साधन बीचमा आवश्यक पर्ने स्थान धेरै हुन्छ। सडकलाई हिउँ/बरफद्वारा भरिएको हुँदा यो दूरी अझ धेरै हुनुपर्दछ; प्रतिक्रिया गर्नको लागि अझ धेरै समय दिनको लागि गति कम गर्नुपर्दछ;
- निर्माताको सिफारिस र सवारी साधन निर्देशिका अनुसार तपाईंका चक्काहरूमा पर्याप्त गोटी छ भन्ने सुनिश्चित गर्नुहोस्;
- ब्रेकहरूमा जोडले थिच्ने नगर्नुहोस्, किनभने यसले तपाईंको सवारी साधनलाई घिसार्न सक्छ। यदि तपाईंको कारमा एन्टि-लक ब्रेकिङ प्रणाली छैन भने, गाडी घिसारिनबाट रोक्नको लागि ब्रेकहरू पम्प गर्नुहोस्;
- स्टियरिङलाई एक्कासी एकदमै धेरै नबङ्ग्याउनुहोस् वा द्रुत रूपमा गति परिवर्तन नगर्नुहोस्;
- तपाईंको विन्डसिल्ड वाइपरहरू उच्च काम गर्ने अवस्थामा छन् भनी सुनिश्चित गर्नुहोस्;
- आफ्ना हेडलाइटहरू प्रयोग गर्नुहोस्।

<u>हिउँ/बरफमा ड्राइभिङ गर्नको लागि विशेष ध्यान दिनुपर्ने कुरा</u>

बरफ र हिउँमा "पूर्ण रूपमा सुरक्षित" गति भन्ने यस्तो कुनै कुरा छैन। जाडोको मौसममा, सूर्य, छाँया, सडकमा भएको नुनको मात्रा र अन्य अवस्थाहरूमा भर पर्दै प्रत्येक सडक फरक हुन सक्छ। खतरनाक स्थलहरू हुन सक्छन्, सचेत भई अगाडि हेर्नुहोस्। कालोपत्रे (एस्फाल्ट) सडकहरूले बरफलाई पग्लाएर फेरि बरफ बनाई बरफको एक पातलो तहलाई सजिलै लुकाउन सक्छ(कहिलेकहीँ कालो बरफ पनि भनिन्छ), र यदि तपाईं खतरा बारे सचेत हुनुहुन्न भने दुर्घटना निम्त्याउन सक्छ।

हिउँ/बरफमा ड्राइभिङ गर्दा विचार गर्नुपर्ने केही विशेष कुराहरू निम्न छन्:

- गति कम गर्ने; तपाईंलाई बरफ वा हिउँले ढाकेको सडकहरूमा साधारण गतिमा ड्राइभ गर्दा कुनै पनि पूर्वसावधानीले सुरक्षित गर्दैन;

- झ्याल र बत्तीहरूलाई सफा राख्ने। ड्राइभिङ गर्नुअघि तपाईंको सवारी साधनबाट सबै बरफ र हिउँ हटाउनुहोस्;
- अति बिस्तारै सुरु गर्नुहोस्, त्यसपछि तपाईंले कति राम्रोसँग रोक्न सक्नुहुन्छ भनी पत्ता लगाउनको लागि आफ्ना ब्रेकहरू बिस्तारै जाँच गर्नुहोस्। तपाईं चौबाटो वा मोडमा आउनुअघि धेरै पहिले नै गति कम गर्न सुरु गर्नुहोस्;
- आफ्नो ग्याँस ट्याङ्की र विन्डसिल्ड तरल रिजर्भोयरलाई पूर्ण राख्नुहोस्;
- निम्न कुराहरू समावेश गर्ने एक आपत्कालीन सामग्री आफ्नो सवारी साधनमा राख्नुहोस्:
  - फ्लेयरहरू;
  - फ्ल्यासलाइट र ब्याट्रीहरू;
  - प्राथमिक उपचार सामग्रीहरू;
  - ब्ल्याङ्केट;
  - किट्टी लाइटर वा बालुवा (हिउँ/बरफमा ट्रयाक्सन अर्थात घर्षण वा पकडको लागि);
  - सानो साबेल र आइस स्क्रेपर (हिउँ हटाउने सानो ज्यावल);
  - हिउँ आपतकालीन घोषणा हुँदा तोकिएका आपतकालीन हिममार्गहरूमा चेनहरू, हिउँ चक्काहरू वा रेडियल चक्काहरू प्रयोग गर्ने।

याद राख्नुहोस्: राजमार्ग र सडकहरू भन्दा पहिले र्याम्प (ठूला बाटोहरूलाई जोड्ने भिरालो बाटो) र पुलहरू जम्छन्। साथै, जोतिएका सडकहरू रातिमा फेरि जम्न सक्छन् वा दिनको उज्यालोमा हिँउ पग्लेर बरफयुक्त पट्टीहरू हुन सक्छन्।

चार-चक्के ड्राइभ सवारी साधनहरू पनि बरफ र हिउँमा चिप्लन सक्छन्। चार-चक्के ड्राइभले नियन्त्रित ड्राइभिङ क्षमता सुधार्छ, तर हिउँ वा बरफमा ड्राइभिङ गर्नु सधै खतरनाक र जोखिमपूर्ण हुन्छ। चालकहरूले सबै समयमा अतिरिक्त सावधानी अपनाउनुपर्दछ।

E. घिस्रिने

ट्रयाक्सन वा एडेसन भनेको चक्का र सडक सतह बीचको पकड हो जसले सवारी साधनलाई सुरु हुन, रोक्न र/वा दिशा परिवर्तन गर्न मद्दत गर्छ। चक्का र सडक बीचको ट्रयाक्सन एकसमान रहँदैन। उदाहरणको लागि, बालुवा, असमान सडक सतहहरू, तेल लागेका/पोखिएका सतहहरू, धेरै गति वा सडकमा भएको पानीले ट्रयाक्सनको स्तर कम गर्दछ। ट्रयाक्सन कम हुँदा घिस्रिने वा चिप्लिने सम्भावना वृद्धि हुन्छ।

तपाईंको सवारी साधन घिस्रन सुरु भएको अवस्थामा, सकेसम्म चाँडो आफ्नो सवारी साधनको नियन्त्रण पुन: प्राप्त गर्नको लागि के गर्नुपर्दछ भनी जान्न महत्त्वपूर्ण छ। आधारभूत नियमहरूमा निम्न समावेश छन्:

- सवारी साधनमा पुन: सन्तुलन कायम गर्नको लागि, एक्सीलेरेटर वा ब्रेक पेडल मध्ये जुन थिच्नुभएको छ, त्यसलाई छाड्नुहोस्;
- घिस्रिरहेको दिशामै स्टियर गर्नुहोस्
- तपाईंले सवारी साधनलाई जहाँ लान चाहनुहुन्छ त्यहाँ हेर्नुहोस्;
- रोलिङ ट्रयाक्सन पुन: स्थापित भए पछि मात्र ब्रेक चाप लागू गर्नुहोस्;
- बिस्तारै एक्सीलेरेट गर्नाले पछाडिको चक्काको गुमाइएको ट्रयाक्सनलाई पुन: प्राप्त गर्नमा सहयोग पुर्याउन सक्छ।

F. हाइड्रोप्लानिङ

सवारी साधनको गति वृद्धि हुँदै जाँदा र सडकमा भएको पानीको मात्रा वृद्धि हुँदै जाँदा, सवारी साधनहरू पानीको गद्दी माथि जाने गर्दछ र चक्काले सडकसँग सम्पर्क गुमाउँछ। यसलाई "हाइड्रोप्लानिङ" भनिन्छ। हाइड्रोप्लानिङको कारण सवारी साधनको आंशिक वा पूर्ण नियन्त्रण गुम्न सक्छ। हाइड्रोप्लानिङलाई रोक्नको लागि, आफ्ना चक्काहरूलाई असल अवस्थामा कायम राख्नुहोस्, र भिझेका सडकहरूमा आफ्नो गतिलाई कम गर्नुहोस्। यदि तपाईंले नियन्त्रण गुमाउनुभयो भने, आफ्नो खुट्टालाई ग्याँसबाट हटाउनुहोस्, ब्रेकहरू लागू नगर्नुहोस्, सवारी साधनको दिशा कायम राख्नुहोस्, र सवारी साधनलाई बिस्तारै सम्हाल्न सकिने गतिमा आउन दिनुहोस्।

G. राजमार्ग-रेलमार्ग क्रसिङ

याद राख्नुहोस्, रेलहरू द्रुत रूपमा रोकिन सक्दैनन्। रेलमार्ग क्रसिङ मार्फत यात्रा गर्दा अतिरिक्त सावधानी अपनाउनुपर्छ।

रेलमार्ग ट्र्याकहरूमा पुग्दा: निम्न बारेमा सचेत रहनुहोस् -

- RR क्रसिङ अघि रोकिने अन्य सवारी साधनहरू - प्रत्येक राजमार्ग-रेल क्रसिङअघि विद्यालय बसहरू, व्यवसायिक बसहरू र जोखिमपूर्ण सामग्रीहरू बोक्ने ट्रकहरू अनिवार्य रूपमा रोकिन्छन्।
- कुनै पनि समयमा रेलको लागि - रेलहरू कुनै पनि दिशाबाट आउन सक्छन् र आइरहेको रेल देखिएको भन्दा नजिक वा छिटो यात्रा गरिरहेको हुन सक्छ।
- यदि गेटहरू बन्द छन् र चेतावनी बत्तीहरू बलिरहेका छन् भने, बाटो बन्द गरिएको छ। गेटहरू माथि नगएसम्म र चेतावनी बत्तीहरू बल्न नरोकेसम्म प्रतिक्षा गर्नुहोस्।
- रेल पास भए पछि, अघि बढ्नु अघि दुवै दिशामा हेर्नुहोस्। अघि बढ्नु अघि ट्र्याकहरू खाली छन् भनी सधै सुनिश्चित गर्नुहोस्। अर्को रेल त्यहीसँगैको ट्र्याकबाट आइरहेको हुन सक्छ।
- तपाईंले पूर्ण रूपमा ट्र्याकहरू पार गर्न सक्ने निश्चित नभएसम्म ट्र्याक क्रस गर्न अघि नबढ्नुहोस्। अघि बढ्नु अघि ट्र्याकको अर्को छेउमा तपाईंको सवारी साधनको लागि ठाउँ छ भनी निश्चय गर्नुहोस्।

H. कार्य क्षेत्र सुरक्षा

तपाईंले प्रमुख र दोश्रो वा वैकल्पिक सडकहरूमा निर्माण, मर्मत वा ग्याँस, पानी, बिजुलीको कार्य भइरहेको सडक कार्य क्षेत्रहरूको सामना गर्ने सम्भावना सधै हुन्छ।

कार्य क्षेत्रहरू = अनपेक्षित अवस्थाहरू

- नयाँ ट्राफिक ढाँचाहरू;
- अस्थायी ट्राफिक नियन्त्रण यन्त्रहरू:
- साँघुरो लेनहरू;
- लेन परिवर्तनहरू;
- लेन र आकस्मिक सडक खण्ड समापनहरू;
- पेभमेन्ट ड्रप-अफ (सडकको कालोपत्रे भाग र छेउको खाली भाग अग्लो होचो हुनु) छेउक/असमतल सतहहरू;
- कम गरिएको अवलोकन दूरी;
- विमार्गहरू;
- बिस्तारै चल्ने उपकरण।

कार्य क्षेत्र क्रियाकलापको लागि स्ट्याण्डर्ड रङ भनेको सुन्तला रङ हो। यदि तपाईंले ड्राइभिङ गर्दा सुन्तला रङको चिन्हहरू देख्नुभयो भने, सचेत रहनुहोस् र अगाडि अनपेक्षित ड्राइभिङ अवस्थाहरूको लागि तयार रहनुहोस्।

कार्य क्षेत्र हुँदै यात्रा गर्दा, अस्थायी ट्राफिक नियन्त्रण यन्त्रहरूको लागि सचेत रहनुहोस्। यी यन्त्रहरूले कार्य क्षेत्र हुँदै जाने सुरक्षित बाटो परिभाषित गर्दछन्।

कार्य क्षेत्रहरू तपाईंको सुरक्षालाई विचार गरी सेट अप गरिएका हुन्छन्। कार्य क्षेत्रहरूमा यात्रा गर्दा यी सुरक्षा नियमहरू पालना गर्नुहोस्:

- सतर्क रहनुहोस् – सुरक्षालाई तपाईंको पहिलो प्राथमिकता दिनुहोस्;
- आफ्नो गतिको ख्याल राख्नुहोस् – पोस्ट गरिएका गति सीमाहरू अपनाउनुहोस् र गति क्यामेराहरू प्रयोगमा हुन सक्छन् र कार्य क्षेत्रहरूमा गति वृद्धि गरेको जरिवाना उच्च हुन सक्छन्;
- अनपेक्षित अपेक्षा गर्नुहोस् – कार्य क्षेत्र अवस्थाहरू निरन्तर परिवर्तन हुन्छन् – प्रतिक्रिया गर्न तयार रहनुहोस्;
- बाधाहरू न्यून गर्नुहोस् – सेल फोनहरू प्रयोग नगर्नुहोस्, रेडियो स्टेसन परिवर्तन नगर्नुहोस् वा अन्य बाधा पुर्याउने कामहरू नगर्नुहोस्;
- ध्यान दिनुहोस् – कार्य क्षेत्र चिन्हहरू पालना गर्नुहोस् र कामदार, पैदल यात्री र साइकल चालकहरूलाई हेर्नुहोस्;
- शिष्टतापूर्वक ड्राइभ गर्नुहोस्--सावधानीपूर्वक मर्ज गर्नुहोस्, अनावश्यक रूपमा गाडीको पीछा गर्ने र लेनहरू परिवर्तन गर्ने नगर्नुहोस्;
- संकेत झण्डालाई सम्मान गर्नुहोस्-- संकेत झण्डा निर्देशनहरू पालना गर्नुहोस्।

I. परिपथ

परिपथमा जाने प्रवेश सडकहरू जुन बाटो दिनुहोस चिन्हहरूद्वारा नियन्त्रण गरिएको हुन्छ। प्रवेश गर्दै गरेका सवारी साधनले परिपथमा पहिले नै रहेका सवारी साधनलाई सधै बाटो छोड्नुपर्छ।

अन्य कुनै चौबाटोमा जस्तै परिपथमा पुग्दै गर्दा सावधान रहनुहोस्। तपाईं परिपथमा पुग्दा:

- तपाईंको गति घटाउनुहोस्;
- टापूको दायाँमा रहनुहोस्;
- क्रसवाकमा भएका पैदल यात्रीहरूलाई हेर्नुहोस् र तिनीहरूको लागि बाटो छोड्नुहोस्;
- बाटो छोड्ने रेखामा होसियारीका साथ आउनुहोस् र ट्राफिकमा स्वीकारजनक खाली ठाउँ छाडी प्रतिक्षा गर्नुहोस्। परिपथबाट निस्कने सवारी साधनहरूबारे सावधान रहनुहोस्। यदि त्यहाँ कुनै ट्राफिक छैन भने, तपाईंले परिपथमा प्रवेश गर्न प्रतिक्षा गर्न आवश्यक छैन।

धेरै लेन भएको पिरपथमा प्रवेश गरेपछि, तपाईंले छनोट गर्नुभएको लेनमा रहनुहोस्। बाहिर निस्कने प्रतिक्षा गर्दा, आफ्नो दायाँ मोड संकेतमा मोड्नुहोस् र तपाईंले पहिले निस्कन खोज्नुभएको बाटोबाट पार हुँदा सबैभन्दा बाहिरी लेनमा सर्नुहोस्।



J. इन्टरस्टेट ड्राइभिङ

1. इन्टरस्टेटमा प्रवेश गर्दा



इन्टरस्टेट र अन्य सीमित-पहुँच राजमार्गहरूमा प्राय: जसो एक प्रवेश र्‍याम्प र एक एक्सलरेसन लेनद्वारा पुग्न सकिन्छ। प्रवेश लेनले राजमार्गमा पहुँच प्रदान गर्दछ र एक्सलरेसन लेनले इन्टरस्टेट वा राजमार्गमा पहिले नै भएको ट्राफिकको गतिसम्म पुग्ने अवसर प्रदान गर्दछ। इन्टरस्टेटमा प्रवेश गर्दा, प्रवेश र इन्टरस्टेटलाई विभाजन गर्ने ठोस चित्रित रेखाहरूलाई पार गर्नुहुन्न।

2. इन्टरस्टेटबाट बाहिर निस्कने



बाहिरिने मार्गमा पुग्नु अघि उचित लेनमा सर्नुहोस्। तपाईंले डिएक्सलरेसन लेनमा प्रवेश गर्ने बित्तिकै गति कम गर्नुहोस् र र्‍याम्पको लागि पोस्ट गरिएको सुझावित गतिसम्म पुग्नको लागि गति कम गर्न जारी राख्नुहोस्। तपाईं इन्टरस्टेटमा गलत ठाउँबाट बाहिर निस्कनुभयो भने, तपाईं र्‍याम्पमा नपुग्दासम्म अगाडि बढिराख्नुहोस् र इन्टरस्टेटमा पुन: प्रवेशको लागि बाटो हेर्नुहोस्। इन्टरस्टेटको कुनै पनि भागमा नरोक्नुहोस् वा पछाडि नजानुहोस्।

3. रोकिने

राजमार्गको गाडी दौडने भागमा रोक्न निषेधित गरिएको छ। तपाईंको सवारी साधन खराब भएको वा अन्य आपतकालीन परिस्थितिहरूमा मात्र सोल्डर अर्थात सडकको एक छेउमा खाली छोडिएको आकस्मिक सडक खण्डमा रोक्न अनुमति हुन्छ। यदि तपाईंले इन्टरस्टेट वा राजमार्गको सोल्डरमा रोक्न अनिवार्य छ भने, अन्य चालकहरूलाई चेतावनी दिनको लागि आफ्नो आपत्कालीन फ्ल्यासरहरू अन गर्नुहोस् र सकेसम्म आफ्नो सवारी साधनभित्र रहनुहोस्। ट्राफिकको उच्च गतिले गर्दा इन्टरस्टेट राजमार्गमा उभिन वा हिँड्न अत्यन्त खतरनाक हुन्छ।

K. शव यात्राहरू

बाटो-को-अधिकार पाउनको लागि शव यात्रामा चलाइएका सवारी साधनहरूमा हेडलाइटहरू अन गरिएको हुनुपर्छ र लागि जोखिम बत्तीहरू फ्ल्यासिङ गर्नुपर्छ।

रातो संकेत सामना गरिरहेका शव यात्रामा चलाइएका सवारी साधनले चौबाटोमार्फत यात्रा जारी राख्न वा मोड्न सक्छन्।

अन्य सवारी साधनहरूले, उनीहरूमा हरियो संकेत भएता पनि, शव यात्रामा चलाइएका सवारी साधनहरूलाई बाटो-को-अधिकार दिनुपर्छ। उनीहरूले शव यात्राको बाटोमा अवरोध नगरी सुरक्षित साथ अघि बढ्न सक्ने अवस्थामा बाहेक शव यात्राका सबै सवारी साधनहरू पार बाटो दिनुपर्छ।

L. सुस्त गतिका सवारी साधनहरू

तपाईंले बाइसाइकल, घोडा-सवारी साधनहरू, र कृषी सवारी साधनहरूलगायत, सडकमा बिस्तारै चल्ने सवारी साधनहरू भेट्न सक्नुहुन्छ। निम्न केही सवारी साधनहरूको पछाडि उनीहरू 25 mph वा सो भन्दा कममा गइरहेको छन भनी तपाईंलाई सतर्क गराउन मद्दत गर्न सुस्त-गतिको चिन्ह (देखाइएको) हुन सक्छन्।

- अत्यन्त कम गतिमा यात्रा गरिरहेको हुन सक्ने कुनै पनि सवारी साधनहरूबारे निरन्तर रूपमा सचेत रहनुहोस्।
- यसअनुसार तपाईंको सवारी साधनको गति र स्थानलाई समायोजन गर्नुहोस्।
- बिस्तारै चल्ने सवारी साधनलाई पार गर्न सुरक्षित हुने भएमा मात्र सो गर्नुहोस्।

यदि तपाईंले उछिन्नको लागि सुरक्षित समय प्रतिक्षा गर्दै बिस्तारै चलिरहेका सवारी साधनलाई पछ्याउन अनिवार्य छ भने, पछाडि आइरहेका अरूहरूलाई सावधान गर्नको लागि आफ्नो आपत्कालीन फ्ल्यासरहरू प्रयोग गर्नुहोस्।

खण्ड VI - खतरनाक ड्राइभिङ व्यवहारहरू

A. मदिरा, लागूपदार्थ र ड्राइभिङ

राजमार्ग सुरक्षाको लागि नशामा ड्राइभिङ गर्न अति गम्भीर जोखिम हो। रक्त मादक पदार्थ एकाग्रता (BAC) भनेको एक व्यक्तिको रगतमा लागू पदार्थको मात्राको नाप हो। मेरील्यान्डमा, रक्त मादक पदार्थ एकाग्रता .08 वा उच्च हुँदा, मादक पदार्थको नशामा भई ड्राइभिङ गरिएको भन्ने ठानिन्छ। मादक पदार्थको कुनै पनि मात्राले व्यक्तिको निर्णय र शारीरिक तालमेलमा असर गर्न सक्छ र यसैको कारण अपराध अभियोग लाग्न सक्छ।

यदि तपाईंले पिउने योजना गर्नुभएको छ भने, ड्राइभ गर्ने योजना नबनाउनुहोस्।

मापसे ड्राइभिङ (मादक पदार्थ सेवन गरी गरेको ड्राइभिङ) को लागि मेरील्यान्डको सीमा .08 भएता पनि, सवारी साधनलाई सुरक्षित रूपमा सञ्चालन गर्ने एक चालकको क्षमता अत्यन्त कम BAC मा भङ्ग हुन सक्छ र यसैको कारण अपराध अभियोग लाग्न सक्छ। उदाहरणको लागि, एक व्यक्तिको दृष्टि, सामान्य मोटर (स्नायु) प्रकार्यहरू र प्रतिक्रिया समय प्रदर्शन गर्ने क्षमतालाई केवल एक चुश्की मादक पदार्थले प्रभावित हुन सक्छ र दुर्घटनाको जोखिम बढ्न सक्छ।

कतिवटा मादक पदार्थ, कति पेग वा कति चुश्की खाएको हो भन्ने कुराले BAC को नाप दिँदैन किनभने तपाईंको शरीरले मादक पदार्थ पचाउने क्षमतालाई प्रभावित गर्ने धेरै कुराहरू छन् जस्तै वजन, शरीरमा भएको बोसो, र कति पहिले र तपाईंले कति खानुभएको थियो आदि। थकान्, तपाईंको स्वभाव र विशेष औषधीहरू लिने जस्ता कारकहरूले पनि तपाईंको ड्राइभिङ क्षमतालाई मादक पदार्थले कसरी असर गर्छ भन्ने कुरामा फरक पर्न सक्छ। आफ्नो BAC वा मादक पदार्थले पारेको प्रभाव वा कम्जोरी आफैले निर्धारण गर्न अत्यन्त कठिन हुन्छ।

1. 21 वर्ष मुनि - मादक पदार्थ प्रतिबन्ध

यदि तपाईं अहिलेसम्म 21 वर्षको हुनुहुन्न भने, तपाईंले मादक पदार्थ पिउनु कुनै पनि अवस्थामा कानूनी रूपमा वैधानिक छैन। यदि तपाईंलाई रोकियो र यदि तपाईं नसामा हुनुहुन्छ भने, तपाईंको इजाजत पत्रलाई निलम्बित वा फिर्ता गरिनेछ। थप रूपमा, तपाईंको इजाजतपत्रमा मादक पदार्थ प्रतिबन्ध लगाइएकोमा सो उल्लङ्घन गरिएको कारण तपाईंलाई अभियोग लगाइन सकिन्छ।

21 वर्ष मुनि मादक पदार्थ प्रतिबन्ध वा मेरील्यान्ड सवारी साधन कानूनको §21-902 (मादक पदार्थको नसामा रहि ड्राइभ गरेको वा सोद्वारा प्रोत्साहित भएको) कुनै पनि उल्लङ्घन गरे बापत अनुमतिपत्र निलम्बन वा फिर्ता हुँदा इग्निसन इन्टरलक कार्यक्रममा अनिवार्य रूपमा सहभागी हुनपर्ने हुन सक्छ। इग्निसन इन्टरलक कार्यक्रम सम्बन्धी थप जानकारीको लागि कृपया MVA को वेबसाइटमा जानुहोस्।

2. नियन्त्रित खतरनाक वस्तुहरू (CDS) - गैरकानूनी तथा डाक्टरनिर्देशित औषधिहरू

गैर-कानूनी लागू पदार्थहरू, (गाँजा, हिरोयिन, आदि), डाक्टरनिर्देशित औषधीहरू (जस्तै - कोडिन), र सुँघेर लिने रासायनिक लागूपदार्थ (केमिकल इन्हेलेन्ट)हरूले कुनै व्यक्तिको सवारी साधन चलाउने क्षमतालाई गम्भीर रूपमा असर गर्न सक्छ। सुरक्षित साथ ड्राइभ गर्नको लगि आवश्यक सीपहरू सचेतन, ध्यान, संयोजन, र प्रतिक्रिया समय चारवटै कुरमा लागू पदार्थले गम्भीर असर पुर्याउँछ: सबै लागू पदार्थहरूले दूरीहरू ठम्याउन र सडकका संकेत र ध्वनिहरूमा प्रतिक्रिया गर्न कठिन बनाउन सक्छ।

डाक्टरनिर्देशित औषधीहरू प्रयोग गर्नाले तपाईंको ड्राइभ गर्ने क्षमतालाई भङ्ग गर्न सक्छ। डाक्टरनिर्देशित र ओभर द काउन्टर औषधि दुवैको लेबलमा लेखिएका चेतावनीहरूलाई ध्यान दिन महत्त्वपूर्ण छ, जसले व्यक्तिहरूलाई मोटर सवारी साधन वा भारी यन्त्रहरू सञ्चालन गर्दा केही निश्चित औषधीहरू प्रयोग नगर्ने निर्देशन दिन्छ। यस सिफारिसलाई बेवास्ता गरी सवारी साधन सञ्चालन गर्ने तपाईंको क्षमतालाई भङ्ग भएमा यसले तपाईलाई अपराध अभियोग लाग्ने अवस्था निम्त्याउन सक्छ।

3. खुला मादक पदार्थ भाँडो

सवारी साधनको यात्री क्षेत्रमा खुला मादक पदार्थ भाँडो भएको मोटर सवारी साधन सञ्चालन गर्नु कानूनको विरुद्ध हुन्छ। एक खुला भाँडो भनेको कुनै पनि खुला क्यान, बोतल, भाँडो वा प्याकेज हुन सक्छ। उदाहरणको लागि, पहिले मादक पदार्थ भएको कुनै पनि खुला वा हराएको बोतल/क्यान वा खाली

बोतल/क्यान भएको मादक पदार्थको छ-प्याकलाई खुला भाँडो भनी मान्न सकिन्छ। यात्री क्षेत्र भनेको चालक वा यात्री बस्ने कुनै पनि स्थान वा चालक वा यात्रीलाई उनीहरूको बस्ने स्थानबाट तुरुन्तै पुग्न सकिने स्थान हो।

4. **बालबालिकाहरूलाई ओसारपसार गर्दा**
यदि तपाईंलाई आफ्नो सवारी साधन भित्र एक बच्चा वा बालबालिकाको साथमा नशामा भएको वा लागू पदार्थको नशामा ड्राइभिङ गरिरहेको भनी अपराधी ठहर्याइयो भने, अदालतमा न्यायधीशद्वारा तपाईंको जरिवाना र कैद समय दुई गुणा हुन सक्छ।

B. आक्रामक ड्राइभिङ र सडक क्रोध

आक्रामक चालकहरूले तीब्र गतिमा गाडी कुदाउने, अगाडिको गाडी पछिपछि गाडी चलाउने, ट्राफिक संकेत र यन्त्रहरूलाई पालना नगर्ने, गलत वा अनुचित लेन परिवर्तन, बाटो-को-अधिकार नदिने र अनुचित रूपमा गाडि उछिन्ने जस्ता व्यवहारहरू प्रदर्शन गर्दछन्। आक्रामक ड्राइभिङ सृजना गर्न सक्ने केही कारकहरू भीड सडकहरू, अनपेक्षित ढिलापन, हत्तारिने, सडक निर्माण, र तनाव हुन्।

सडकलाई व्यवस्थित राख्न र दुर्घटनाहरूबाट बन्चित रहनको लागि चालकहरूले अन्य सबै सडक प्रयोगकर्ताहरूलाई कदर गर्न, उनीहरूसँग सहकार्य गर्न र विशेष नियमहरूलाई पालना गर्न अनिवार्य छ। आक्रामक ड्राइभिङ घटनामा पर्ने सम्भावनालाई कम गर्ने केही सुझावहरू यी हुन्:

- यात्रा गर्नको लागि अतिरिक्त समय दिनुहोस्;
- धैर्य रहनुहोस्;
- सुशिल रहनुहोस्;
- आफ्नो ड्राइभिङ व्यवहारमा ध्यान दिनुहोस्;
- आफूले गर्न आँटेको कार्यको बारेमा सधैं संकेत दिनुहोस्;
- सबै ट्राफिक कानून, चिन्ह, संकेत र पेभमेन्ट संकेत चिन्हहरूलाई पालना गर्नुहोस्;
- बाटो-को-अधिकार दिनुहोस्;
- अन्य चालकहरूसँग प्रतिस्पर्धा नगर्नुहोस्।

एउटा साधारण असल नियम भनेको तपाईंले अरूबाट जस्तो व्यवहार चाहनुहुन्छ अन्य चालक तथा सडक प्रयोगकर्ताहरूलाई पनि त्यस्तै व्यवहार गर्नु हो।

C. अर्कै कुरामा ध्यान दिएर सवारी चलाउने

सुरक्षित ड्राइभिङको लागि ध्यान दिनु महत्त्वपूर्ण छ। तपाईं निरन्तर रूपमा सडक र तपाईं वरिपरिका अन्य सवारी साधनहरूको बारेमा सचेत रहनुपर्दछ। सचेत रहनुहोस् र तपाईंले दुर्घटनालाई पहिले नै अनुमान गर्न र त्यसबाट बच्न सक्नुहुनेछ। तपाईं पछाडिका सवारी साधनहरू, र साथ-साथै तपाईं छेउ र अगाडिका सवारी साधनहरूका स्थानहरू निरन्तर जाँच्नुहोस्।

"विचलित ड्राइभिङ" अर्थात अर्कै कुरामा ध्यान दिएर सवारी चलाउने भन्नाले तपाईंको आँखा खाने केही पनि वस्तु, हात वा विशेष गरि तपाईंको मस्तिष्कलाई ड्राइभिङबाट पर लैजाने वस्तु भन्ने बुझिन्छ। प्रहरी-प्रतिवेदित ट्राफिक दुर्घटनाहरूमा सबैभन्दा बढी फेला परेको घटनाको कारक तव्व विचलित ड्राइभिङ अर्कै कुरामा ध्यान दिएर सवारी चलाउने कार्य हो। जुनसुकै प्रकारले ध्यान भंग भएको भए पनि यसले चालकहरूलाई दुर्घटनाबाट बच्न आवश्यक मुख्य दृश्य र ध्वनी संकेतहरू थाहा पाउनबाट बञ्चित गराउँछ।

धेरै क्रियाकलापहरूले विचलित ड्राइभिङमा योगदान पुर्याउँछ। केही उदाहरणहरू यी हुन्:

- खाने र/वा पिउने;
- रेडियो र/वा वहनयोग्य संगीत प्रणालीलाई समायोजन गर्ने;
- GPS लाई समायोजन वा प्रोग्रामिङ गर्ने;
- बालबालिकाहरू र घर-पालुवा जनावरलाई ध्यान दिँदा;
- सवारी साधनमा सरिरहेका हलुका वस्तुहरू;
- सेल फोनमा बोल्ने र/वा टेक्स्ट पठाउने;
- धूम्रपान गर्ने;
- मेकअप लगाउने;
- दारी जुङ्गा काट्ने;
- पढ्ने;
- सवारी साधनमा अन्य व्यक्तिहरूसँग अन्तर्वार्ता गर्ने।

<u>सेल फोनहरू</u>

मेरील्यान्ड सवारी साधन कानूनले सवारी साधन चलाउँदा, टेक्स्ट पठाउनेलगायत हातमा राखी चलाउने सेल फोनहरूको प्रयोगलाई निषेधित गर्दछ। ह्याण्ड-फ्री अर्थात हातले चलाउनु नपर्ने यन्त्रहरूलाई अनुमति गरिएको भए तापनि, चालकले कलहरू न्यून गर्नुपर्दछ र निम्न सुरक्षित ड्राइभिङ अभ्यासहरूमा ध्यान दिनुपर्दछ:

- आपत्कालहरूमा मात्र सेल फोन प्रयोग गर्ने; यदि सम्भव भएमा, यात्रीलाई कल गर्न लगाउने;

- यदि तपाईंले अनिवार्य रूपमा कल गर्नु परेमा, सुरक्षित साथ सवारी साधनलाई सडक छेउमा लैजाने र सवारी साधन रोकेर मात्र कल गर्ने;
- आउने कलहरूको जवाफ तपाईंको भ्वाइस मेलले नै दियोस् भनी छाडिदिने;
- आफ्नो टेलिफोन कुराकानी छोटो पार्ने।

911 आपत्कालीन कलको अपवाद बाहेक, सवारी साधन सञ्चालन गर्दा 18 वर्ष मुनिका व्यक्तिलाई वायरलेस सञ्चार यन्त्र (ह्यान्ड-फ्रि फोन/यन्त्र लगायत) प्रयोग गर्न अनुमति दिइएको छैन।

D. निद्राले झुल्दै सवारी चलाउने

पर्याप्त मात्रामा सुत्न नपाउनु कमजोर ड्राइभिङ व्यवहारको अर्को कारण हो। निन्द्राले प्रतिक्रिया समय कम गर्दछ, सचेतना घटाउँदछ र लागू पदार्थ वा मादक पदार्थ जस्तै निर्णयलाई भङ्ग गर्दछ। सुताइको कमीले दुर्घटनामा पर्ने सम्भावना ठूलो मात्रामा वृद्धि गर्न सक्छ।

सवारी साधन सञ्चालन गर्दा केही चालकहरू निद्राले झुल्ने उच्च जोखिममा हुँदछन्। प्रत्येक दिन धेरै माइल ड्राइभ गर्ने चालकहरू, शयन विकार भएकाहरू, र केही विशेष औषधीहरू लिने व्यक्तिहरू यसको उदाहरण हुन्।

ड्राइभिङ गर्दा झुल्ने लक्षणहरूका बारेमा सचेत रहन र तपाईंले आफू वा अरूहरूलाई दुर्घटना पर्ने अवस्थामा पार्नुहुनेछैन भनी सुनिश्चित गर्न आवश्यक कदम चाल्न महत्त्वपूर्ण छ। सबैभन्दा बढी पाइएका "खतरा लक्षणहरू" को एक सूची र ड्राइभिङ गर्दा झुल्ने समस्यासँग लड्नको लागि एक साधारण नियम तल दिइएको छ।

निद्राले झुल्दै सवारी चलाउने चालकहरूका खतरनाक लक्षणहरू

निम्न कुराले निद्राले झुलेको संकेत गर्दछ:

- तपाईंका आँखाहरू बन्द हुन्छन् वा ध्यान छुट्टिन्छ;
- तपाईंलाई टाउको उचालेर राख्नमा समस्या छ;
- तपाईंले हाई तान्न रोक्न सक्नुहुन्न;
- तपाईंलाई भ्रमणित गर्ने, विच्छेदित विचारहरू हुन सक्छ;
- तपाईंले अन्तिम केही माइलमा ड्राइभिङ गरेको याद गर्नुहुन्न;
- तपाईंले बाहिरिने मार्ग गुमाउनुभयो;
- तपाईंले आफ्नो लेनबाट बाहिर ड्राइभ गरेको गर्यै गर्नुहुन्छ;
- तपाईंको गति परिवर्तन भइरहन्छ।

यदि तपाईं ड्राइभिङ गर्दा थकित हुनुभयो वा निन्द्रा लागेको अनुभव गर्नुभयो भने, सबै भन्दा उत्कृष्ट कार्य भनेको विश्राम गर्नु, वा चालकहरू परिवर्तन गर्नु हो। थकानले तपाईंको मस्तिष्क र तपाईंका प्रतिक्रियाहरू सुस्त बनाउँदछ, जसले ड्राइभिङ जोखिमपूर्णबनाउँदछ।

खण्ड VIII - सडक मिलेर प्रयोग गर्ने

A. पैदलयात्रीको सडक अधिकार

पैदल यात्रीहरूलाई बाटो काट्ने क्षेत्रमा बाटो-को-अधिकार हुँन्छ तर ट्राफिक नियन्त्रण संकेतहरू पालना गर्ने अनिवार्य छ। ट्राफिक संकेत नहुँदा, निम्न अवस्थामा बाटो काट्ने क्षेत्रमा चिन्ह लगाएको भए वा नभए पनि पैदल यात्रीहरूको लागि सवारी साधनहरू रोक्न अनिवार्य छः

- सवारी साधन यात्रा गरिरहेको सडकको आधा बाटोमा पैदल यात्री पुगेको भए; वा,
- सडकको बाँकी भागको सबैभन्दा नजिकको लेनबाट, पैदल यात्रीको आगमन हुँदै गरेको भए।

1. बाटो काट्ने क्षेत्रमा अन्धो वा कानो वा हिँडडुल गर्ने क्षमता गुमाएका व्यक्तिहरूलाई बाटो-को-अधिकार

चालकहरू विशेष गरी कानो, अन्धो वा हिँडडुल गर्ने क्षमता गुमाएका पैदल यात्रीहरूको लागि विशेष गरि सचेत रहनुपर्दछ। यी व्यक्तिहरूलाई आउँदै गरेको गाडीहरू ठम्याउन कठिन हुन सक्छ र बाटो काटनको लागि थप समय लाग्न सक्छ। सवारी साधनको चालकले निम्नलाई बाटो-को-अधिकार दिनुपर्दछः

- स्पष्टसँग देखिने एक सेतो लाठी (केन) बोकिरहेको वा एक मार्गदर्शक कुकुर/सेवा जनावरद्वारा साथ दिइएको एक अन्धो वा आंशिक रूपमा अन्धो पैदल यात्री;
- एक मार्गदर्शक कुकुर/सेवा जनावरद्वारा साथी दिइएको एक अन्धो वा आंशिक रूपमा अन्धो पैदल यात्री;
- हातले चलाउने वा मोटरजडित व्हीलचयेर, मोटरजडित स्कुटर, वैशाखी, लाठी वा हिँड्दा टेको दिने उपकरण प्रयोग गर्ने हिँडडुल गर्ने क्षमता गुमाएको व्यक्ति।

2. बाटो काट्ने क्षेत्रहरूमा बाटो काट्ने

बाटो काट्ने क्षेत्र भनेको पैदल यात्रीहरूको लागि बाटो काट्नको लागि प्रयोग गरिने सडको एक भाग हो। बाटो काट्ने क्षेत्रलाई पेभमेन्ट वा बाटोको सतहमा मार्क गर्न सकिन्छ, यदि कुनै पनि बाटो काट्ने क्षेत्र छैन भने पनि प्रायजसो चौबाटो आउँदा त्यहाँ एउटा बाटो काट्ने क्षेत्र हुन्छ।

ट्राफिक संकेत सञ्चालनमा हुँदा चालक र पैदल यात्रीहरूले ट्राफिक संकेतलाई अनिवार्य रूपमा पालना गर्नुपर्दछ। चालकले बाटो काट्ने क्षेत्रमा रोकिएको कुनै पनि सवारी साधनलाई उछिन्न पाउँदैन। स्थिर हरियो संकेत वा बत्ति बल्दा र रातो संकेतमा मोड्न अनुमति गरिएको स्थानमा मोड्दा चालकहरूले रोके पछि पैदल यात्रीहरूलाई जान दिन अनिवार्य छ।

B. आकस्मिक सवारी साधनहरू

प्रहरीका गाडीहरू, एम्बुलेन्स र दमकलहरजस्ता अधिकारप्राप्त आपत्कालीन सवारी साधनहरूलाई साइरेन र फ्ल्यासिङ बत्तीहरूजस्ता सुन्न वा देख्न सकिने संकेतहरू प्रयोग गरेको बेलामा बाटोको-अधिकार हुन्छ।

- तपाईंले आपत्कालीन सवारी साधनले आफ्नो संकेतहरू प्रयोग गर्दै आइरहेको देखेपछि वा सुनेपछि, तपाईंले सकेसम्म सडकको सबैभन्दा किनारामा सर्न, चौबाटो खाली गर्न र आपत्कालीन सवारी साधन अगाडि नगइन्जेलसम्म रोकिरहनुहोस्।
- यदि तपाईंले आफ्नो संकेतहरू प्रयोग गरिरहेका आपत्कालीन सवारी साधन दौडिएको दिशामै गइरहनुभएको छ भने, उक्त आपत्कालीन सवारी साधन नरोकिएसम्म वा प्रहरी कार्यकारीको निर्देशन नभएसम्म तपाईंले आपत्कालीन सवारी साधनलाई उछिनेर अघि जान पाउनुहुने छैन।
- यदि तपाईंले दृश्य संकेतहरू प्रयोग गरी बाटोमै रोकिएका आपत्कालीन सवारी साधन वा टो ट्रक तर्फ जाँदै हुनुहुन्छ भने, तपाईंले आपत्कालीन सवारी साधन वा टो ट्रकको छेवैको लेनलाई छोडेर अर्को लेनमा तुरुन्त आफ्नो गाडी लैजान अनिवार्य छ। यदि बाटो दिन सम्भव नभएमा, तपाईंले अवस्था अनुसार गति घटाई एक सुरक्षित गतिमा पुग्नुपर्दछ र आवश्यक परेमा रोक्न तयार हुन अनिवार्य छ।

C. ठूला ट्रकहरू

मोडिरहेका ट्रकहरूको लागि सचेत रहनुहोस्। ट्रकहरूले चौबाटोहरूमा मोडिँदा लामो घुम्छन्, यिनलाई यतिखेर अतिरिक्त स्थान आवश्यक पर्दछ। दायाँ मोड्दा, विशाल ट्रकहरूले प्राय जसो मोड्नु अघि बायाँ तिर सर्दछन्। कार चालकहरूले यसलाई बायाँ तर्फ लेन परिवर्तन गरेको जस्तो देख्न सक्छन् र दायाँबाट अघि जाने प्रयास गर्न सक्छन्। दायाँबाट कुनै पनि ट्रकलाई उछिन्न जोखिमपूर्ण हुन सक्छ। अघि जानुअघि ट्रक चालकले के गर्न खोजिरहेको छ जाँच्नुहोस्। यदि कुनै ट्रक प्रतिच्छेदनमा रोकियो वा चौबाटोतर्फ जाँदैछ

भने, ट्रक चालकले मोड्न सुरु गर्ने हुँदा कहिल्यै पनि दायाँ छेउबाट त्यसलाई काट्ने प्रयास नगर्नुहोस्। तपाईं मोडिरहेको ट्रक र कर्भ बीच फस्न सक्नुहुनेछ।

समान दिशामा गइरहेको ट्रकलाई उछिन्दा, दृष्टि पुनस्थापित गर्नको लागि छिटो अघि जानुहोस् र तपाईंले आफ्नो पछाडि हेर्ने ऐनामा ट्रकका दुवै हेडलाइटहरू देख्न थालेपछि मात्र लेनहरू परिवर्तन गर्नुहोस्।

धेरै चौबाटोहरूलाई रोक्ने रेखाहरूले चिन्हांकित गरिन्छ। रोक्ने रेखा पारी रोकेर चौबाटोमा भीड गर्नाले तपाईंको सवारी साधनलाई क्रस बाटोबाट मोड्ने प्रयास गरिरहेका ट्रकहरूले जोखिममा पार्न सक्छन्।

ट्रकको अगाडिबाट कहिले पनि नजानुहोस्। पूर्ण रूपमा भरिएका ट्रकहरू 80,000 पाउन्ड भन्दा धेरै वजनको हुन सक्छन् र रोक्नको लागि फुटबल मैदानको लम्बाइ जत्रो आवश्यक हुन सक्छ। प्रायः गाडीहरूको वजन 2,000 पाउन्ड मात्र हुन्छ।

नो जोन्स् अर्थात् बस र ट्रक चालकहरूको दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू

ट्रकहरू वरिपरि चार वटा विशाल नदेखिने क्षेत्रहरू हुनछन् जहाँ गाडीहरू दृश्टिबाट "हराउँछन्" र चालकले तपाईंलाई देख्न सक्दैन।



छेउट्टिका दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू: ट्रक र बसहरूमा दुवै छेउहरूमा नदेखिने क्षेत्रहरू हुँदछन्। यदि तपाईंले छेउको ऐनामा चालकको अनुहार देख्न सक्नुहुन्न भने, उसले वा उनले तपाईंलाई देख्न सक्दैन। यदि ट्रकले लेन परिवर्तन गर्यो भने, तपाईं समस्यामा पर्न सक्नुहुन्छ। दायाँ छेउको नदेखिने क्षेत्रहरू ट्रेलरको लम्बाईसम्म हुँन्छ र तीन लेनसम्म विस्तारित हुँन्छ।

पछाडिट्टिका दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू: नजिकैबाट पछ्याउन छाड्नुहोस्। गाडीहरू जस्तो नभइ, ट्रक र बसहरूका सीधा पछाडि चालकहरूको दृष्टिमा नपर्ने विशाल क्षेत्रहरू हुँन्छन्। ट्रक वा बस चालकले त्यस पछाडिको क्षेत्रमा तपाईंको गाडी देख्न सक्दैन। यदि कुनै ट्रक वा बसले तुरुन्त ब्रेकहरू लगायो भने, तपाईंलाई जानको लागि कुनै ठाउँ हुनेछैन।

अगाडिपट्टिका दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू: ट्रक वा बस उछिनेपछि अत्यन्त छिटो अगाडि नकाट्नुहोस्। ट्रक र बस चालकलाई गाडि रोक्न कारहरूको तुलनामा लगभग दुगुना समय र स्थान आवश्यक पर्दछ। तपाईं अगाडि जानुअघि तपाईंको पछाडि हेर्ने ऐनामा ट्रकको सम्पूर्ण अगाडिको भाग हेर्नुहोस्, र त्यसपछि गति नघटाउनुहोस्।

पछाडि सर्दा दृष्टिमा नपर्ने खतरनाक क्षेत्रहरू: पछाडि सरिरहेको ट्रकको पछाडिबाट कहिले पनि बाटो नकाट्नुहोस्। पछाडि सरिरहेका ट्रकहरूलाई बेवास्ता गर्नाले प्रत्येक वर्ष हजारौं गाडीवालहरूको मृत्यु हुँदछ। ट्रक चालकहरूसँग पछाडि हेर्ने ऐना हुँदैनन् र उनीहरूले तपाईंलाई पछाडि बाटो काटिरहेको देख्न सक्दैनन्।

याद राख्नुहोस्, तपाईंले ट्रकको ऐनाहरू देख्न सक्नुहुन्न भने, ट्रक चालकले पनि तपाईंलाई देख्न सक्दैन!

D. स्कूलका सवारी साधनहरू

चालकहरूले विद्यालय सवारी साधनहरूको लागि गाडी रोक्नुपर्दछ।

यदि विद्यालय सवारी साधन बाटो बीचमा रोकिएको छ र पालोपालो झिलिकझिलिक गर्ने फ्ल्यासिङ रातो बत्तीहरू बालिरहेको छ भने, विद्यालय सवारी साधनलाई पछि आइरहेको वा त्यसतर्फ गइरहेको सवारी साधनको चालकले निम्न कार्य गर्नुपर्दछः

- यदि विद्यालय सवारी साधनको पछाडिबाट आइरहेको हो भने, विद्यालय सवारी साधनको पछाडिको भागबाट 20 फिटको दूरीमा रोक्नुहोस्; वा
- यदि विद्यालय सवारी साधनको अगाडिबाट आइरहेको हो भने, विद्यालय सवारी साधनको अगाडिको भागबाट 20 फिटको दूरीमा रोक्नुहोस्; वा

विद्यालय सवारी साधन फेरि हिँड्न शुरु नगरेसम्म वा पालोपालो झिलिकझिलिक गर्ने फ्ल्यासिङ रातो बत्तीहरू नमारुन्जेलसम्म नगरेसम्म पछिपछि आइरहेको वा त्यसतर्फ गइरहेको कुनै पनि सवारी साधनले अघि बढ्नुहुँदैन। भौतिक रूपमा विभाजित राजमार्गमा सवारी चालकलाई यो लागू हुँदैन।

E. मोटरसाइकलहरू

मोटरसाइकलहरू यस्ता सवारी साधनहरू हुन् जोसँग सडकमा अन्य कुनै पनि सवारी साधन अनुसार समान अधिकार र सुविधा हुँदछ। तर दुर्घटनाहरूमा, मोटरसाइक चालक गाडी चालक भन्दा 6 गुणा बढी चोट-पटक लाग्न सक्ने जोखिममा हुँदछ। मोटरसाइकलहरू गाडी र ट्रकभन्दा साना हुँन्छन्, र आइरहेको मोटरसाइकलको गति र दूरी ठम्याउन कठिन हुन सक्छ।

बायाँ मोड्दा आइरहेको मोटरसाइकललाई बाटो-को-अधिकार दिनुहोस्। मोटरसाइक चालकको बाटोको अधिकारलाई उल्लङ्घन गरी यदि तपाईंले एक जटिल चोट-पटक लगाइदिनुभयो भने, तपाईलाई धरै दण्डजरीवानाहरू हुन सक्छ। गाडी र मोटरसाइकल बीच दुर्घटना हुँदा *आधा भन्दा धरै* घटनामा चालकहरूको गल्ती हुँन्छ।

लेनहरू परिवर्तन गर्दा वा ट्राफिकमा मिसिँदा दुई पटक हेर्नुहोस्। आफ्ना ऐनाहरू प्रयोग गर्नुहोस् र लेनमा मिसिनु वा लेनहरू परिवर्तन गर्नुअघि सुरक्षित छ भनी सुनिश्चित गर्नको लागि आफू पछाडि हेर्नुहोस्। मोटरसाइकलहरू कुनै सवारी साधनको नदेखिने क्षेत्रमा लुकेका हुन सक्छन् वा तिनीहरूका सानो आकारको कारणले गर्दा एक द्रुत अवलोकनमा छुटेका हुन सक्छन्।

मोटरसाइकलसँग साझा लेन प्रयोग नगर्नुहोस्। मोटरसाइकल चालकहरूले खाल्टोहरू वा तेल पोखिएका स्थानहरूबाट बच्नको लागि, वायुको कारणले गर्दा, र अन्य सडक प्रयोगकर्ताहरूद्वारा देखिनको लागि प्राय लेनमा आफ्नो स्थान समायोजन गरिरहन्छन्। मोटरसाइकल चालकहरूलाई सम्पूर्ण लेन प्रयोग गर्ने अधिकार हुन्छ।

मोटरसाइकललाई "नपछ्याउनुहोस्" वा त्यसको अत्यन्त नजिक ड्राइभ नगर्नुहोस्। तपाईंको सवारी साधन र तपाईं अगाडिको मोटरसाइकल बीचमा कम्तीमा पनि 3 देखि 4 सेकेन्डको पछ्याउने दूरी कायम राख्नुहोस्। मोटरसाइकलहरूले ग्राभेल, भिजेको सडक वा रेलरोड क्रसिङ जस्ता जोखिमपूर्ण ठाउँहरूमा गति कम गर्न आवश्यक छ तर यी कुराहरूले गाडीहरूलाई समान तरिकाले असर गर्दैनन्। मोटरसाइकल चालकहरूले प्रायजसो गियर सिफ्ट गरी वा थ्रोटल छाडेर गति कम गर्दछन्, जसले ब्रेकका बत्तीहरू बाल्दैनन्। त्यसैकारण, सचेत रहनुहोस् र मोटरसाइकलहरू वरिपरि प्रशस्त ठाउँ दिनुहोस्।

मोटरसाइकललाई उछिन्दा तपाईंको सवारी साधन र मोटरसाइकलबीचमा प्रशस्त ठाउँ दिनुहोस्। छेउबाट अगाडि वा विपरित दिशामा गइरहेको सवारी साधनबाट आएका हावाको झोक्का र लहरले मोटरसाइकललाई असर गर्दछ। मोटरसाइकल चालकलाई उछिनेपछि, लेनमा फिर्ता आउनुअघि तपाईंको पछाडि हेर्ने ऐनामा मोटरसाइकलको हेडलाइट देख्न सकिन्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्। यदि तपाईंलाई एक मोटरसाइकलले उछिनिराखेको छ भने, आफ्नो गति कायम राख्नुहोस् र मोटरसाइकललाई पूर्ण रूपमा अगाडि जान दिनुहोस्।

मोटरसाइकल चालकहरूको समूह नजिकै ड्राइभ गर्दा होसियार हुनुहोस्। मोटरसाइकल चालकहरूले संगठित रूपमा मोटरसाइकलहरू चलाइराखेका हुन सक्छन जसमा धेरै मोटरसाइकलहरू समावेश हुन सक्छन्। यी समूहहरू वरिपरि ड्राइभिङ गर्नको लागि सञ्चार र धैर्यता आवश्यक पर्दछ। यदि तपाईंले लेन परिवर्तन गर्नुपर्यो वा बाहिरिने मार्गमा पुग्नुभयो भने संकेत गर्नुहोस् र उक्त समूहका प्रत्येक चालकले तपाईंको लागि ठाउँ छाड्ने प्रतिक्षा गर्नुहोस्। समूहहरू वा चालकहरूबीच जानको लागि प्रशस्त ठाउँ नभएसम्म तिनीहरूको बीचमा नजानुहोस्। यदि समूह सानो भएमा, आफ्नो लेन परिवर्तन गर्नुअघि गति कम गर्न र समूहलाई अगाडि जान दिन सजिलो हुन सक्छ।

यदि तपाईंले मोटरसाइकल अनुमतिपत्र प्राप्त गर्न चाहनुहुन्छ भने मोटरसाइकल अपरेटर म्यानुवल (DL-001) वा यस म्यानुअललाई MVA को वेबसाइटमा हेर्नुहोस्,।

F. साइकलहरू

बाटो-को-अधिकार

मेरील्यान्ड कानूनअनुसार साइकलहरू सवारी साधन हुन्। साइकल यात्रीहरू सडकका आधिकारिक प्रयोगकर्ताहरू हुन्, र मोटरचालकहरू सरह बाटो-को-अधिकार हुनुका साथै सबै ट्राफिक संकेतहरू पालना गर्ने कर्तव्य हुँन्छ। तर साइकल यात्रीहरू कम देखिने, कम हल्ला गर्ने, र उनीहरू वरिपरि सुरक्षा गर्ने वस्तुहरू कम हुन्छ। मोटर चालकहरूले साइकल यात्री नजिकै होसियारीका साथ ड्राइभ गर्नु अनिवार्य छ: सानो गल्तीले पनि जटिल चोट-पटक वा मृत्यु निम्त्याउन सक्छ।

सडकमा साइकल यात्रीहरू हुने अपेक्षा गर्नुहोस्

सबै प्रकारका सडकहरू (इन्टरस्टेट राजमार्ग र शुल्क तिर्ने ठाउँहरूबाहेक), सबै चौबाटो र परिपथहरू, सबै प्रकारका मौसममा, र दिन र राती सबै समयमा साइकल यात्री हुनेछ भनी अपेक्षा गर्नुहोस्। साँघुरो बाटोहरूको कारणले गर्दा साइकल यात्रीहरूले उनीहरूको आफ्नै सुरक्षाको लागि, वा अवरोधहरू वा पेभमेन्ट दुर्घटनाहरूबाट बच्नको लागि यात्रा लेनमा साइकल चलाउन सक्छन्। आकस्मिक खण्डहरू नभएका सडकहरूमा, दायाँ छेउमा गाडीहरू पार्क गरिएको सडकहरूमा, साइकल यात्रीहरूको लागि साइकल चलाउनको लागि सबैभन्दा सुरक्षित स्थान भनेको लेनको बीच भाग हो। मेरील्यान्डमा, यदि गाडीले साइकललाई लेन भित्रबाट उछिन्न नसक्ने गरी अत्यन्त साँघुरो छ भने ट्राफिकको गति भन्दा कम गतिमा यात्रा गर्दा पनि साइकल यात्रीले पूरै लेन प्रयोग गर्न सक्छ। गाडीको ढोका खोल्नुअघि, पछाडिबाट साइकल यात्रीहरू आइरहेका छन् कि हेर्नुहोस्।

साइकल यात्रीलाई पछ्याउने।

तपाईं साइकल यात्री नजिक आइपुग्दा गति कम गर्नुहोस्। आफ्नो हर्न नबजाउनुहोस्। साइकल यात्रीहरूले प्रायजसो आइरहेका सवारी साधनहरू सुन्न सक्छन् र चर्को आवाजले साइकल यात्रीलाई तर्साउन सक्छ जसले गर्दा दुर्घटना हुन सक्छ। साइकलहरूमा मोड्ने संकेतहरू हुँदैनन् त्यसैकारण साइकल यात्रीहरूले उनीहरूका विचारलाई प्रदर्शन गर्नको लागि आफ्ना हातहरू प्रयोग गर्दछन्।

साइकललाई अत्यन्त नजिकबाट नपछ्याउनुहोस्। याद राख्नुहोस् कि साना प्वालहरू, सिसा, र अन्य जोखिमहरू साइकल यात्रीहरूको लागि विशेष गरी खतरनाक हुन सक्छ। साइकलहरूले द्रुत रूपमा रोकिन र चाल परिवर्तन गर्न सक्छन् त्यसैकारण मोटरचालकले देख्न नसक्ने जोखिमबाट बच्नको लागि मोड परिवर्तन वा गति परिवर्तन गर्न सक्छन्।

होसियारीका साथ उछिन्नुहोस् -- बाइकहरूलाई कम्तीमा पनि 3 फिटको दूरी दिनुहोस्

तपाईंले बिस्तारै चल्ने कुनै सवारी साधनलाई उछिनेजस्तै गरी साइकल यात्रीलाई उछिन्नुहोस्। गति कम गर्न तयार हुनुहोस्, आउने ट्राफिक खाली नभएसम्म प्रतिक्षा गर्नुहोस् र त्यसपछि उछिन्दा तपाईंको गाडी र साइकल यात्री बीच 3 फिटको खाली ठाउँ राख्नुहोस्। यदि तपाईंले बाइक लेन, आकस्मिक खण्ड वा तपाईंको गाडी कुदिराखेको लेनमा साइकल यात्रीलाई उछिनिरहनुभएको छ भने त्यहीँ 3-फुटको खाली बाटो छोड्ने नियम लागू हुँन्छ। साइकल यात्रीलाई उछिनेपछि, तपाईं दायाँ पट्टि सर्नुअघि प्रशस्त खाली ठाउँ दिएर साइकललाई पूर्ण रूपमा उछिनेको कुरा सुनिश्चित गर्न आफ्नो ऐना हेर्नुहोस्।

चौबाटोहरू, पुलहरू र ड्राइभवेहरूमा सावधानी अपनाउनुहोस्

साइकल यात्रीहरूले अन्यथा संकेत नदिएसम्म एक चौबाटो मार्फत सीधा बाटो यात्रा गरिरहेका छन् भन्ने सधैँ अनुमान गर्नुहोस्, र तपाईंले अन्य सवारी साधनको लागि बाटो छोडेझैं साइकलहरूलाई पनि बाटो छोड्नुहोस्। साइकल यात्रीहरूले प्राय जसो छेउको बाटो र मार्गमा साइकल चलाउँछन्न्, त्यसैकारण छेउको बाटो वा मार्गलाई पार गर्दा दुवै दिशातर्फ हेर्नुहोस्। साइकल अनपेक्षित दिशाबाट आउन सक्छ।

आकस्मिक खण्ड वा बाइक लेनमा बाइकलाई उछिनेपछि तुरुन्त पारगामी लेनबाट कहिले पनि दायाँ नमोड्नुहोस्। तपाईंले दायाँ मोड्दा साइकल तपाईंको दायाँ छेउमा वा तपाईंको दायाँ छेउको नदेखिने क्षेत्रमा हुने सम्भावनाबाट बच्ने प्रयास गर्नुहोस्। दायाँ मोड सुरु गर्नुअघि, बाइक लेन, सोल्डर (आकस्मिक खण्ड), वा दायाँ मोड लेन भित्र व्यवहारिक भएसम्म दायाँतर्फ सर्नुहोस्।

सीधा गइरहेका अन्य कुनै पनि सवारी साधनलाई झैं साइकलहरूलाई पनि बाटो दिनुहोस्। साइकलको अगाडि तुरुन्तै नमोड्नुहोस्। अनुभवी साइकल यात्रीहरूले प्रायजसो अत्यन्त छिटो साइकल चलाउँछन्न् (35mphको गतिसम्म!) र तपाईंले सोचेभन्दा नजिक आइसकेको हुन सक्छन्। यदि तपाईंले दायाँ सर्दै एक बायाँ-मोड्ने सवारी साधनलाई उछिन्दै हुनुहुन्छ भने, पहिले साइकलहरू छन् कि भनी होसियारीका साथ हेर्नुहोस्। जहाँ पुल, पार्क गरिएका गाडीहरू, वा दायाँ छेउमा अन्य अवरोधहरूको लागि यात्राको बाटो साँघुरो हुन्छ, त्यहाँ प्रमुख ट्राफिक लेनमा बायाँ निस्कनको लागि सोल्डरमा साइकल यात्रीहरूले साइकल चलाइराखेको हुनसक्छ।

रातिमा सवारी चलाउने

यदि तपाईंले रातीको समयमा एक मधुरो प्रतिबिम्बित वस्तु देख्नुभएमा, त्यो वस्तु सडक बाहिर छ भनी अनुमान नगर्नुहोस्। त्यो मुख्य यात्रा लेनमा एउटा साइकल हुन सक्छ। कहिलेकहीँ साइकल यात्रीहरूले रातीको समयमा गाडीहरू उपस्थित नभएको बेला सोल्डरहरू छल्छन् किनभने हाँगाहरू, खाल्टोहरू, कच्चा बाटोहरू, र पेभमेन्टको किनाराहरू देख्न कठिन हुन्छ। तपाईंका हेडलाइटहरूले साइकल यात्रीहरूलाई सुरक्षित साथ सोल्डरमा सर्नको लागि प्रशस्त प्रकाश प्रदान गर्न सक्छ, तर रातीको समयमा यसले लामो समय लिन्छ। साइकलतर्फ नजिकिँदा मधुरो बिम हेडलाइटहरू प्रयोग गर्नुहोस्।

बालबालिकाहरू छन् कि भनेर हेर्नुहोस्

साइकलमा सवार बालबालिकाहरू कहिलेकहीँ अप्रत्याशित हुन्छन्। अनपेक्षित कुरा हुन्छ भन्ने अपेक्षा गर्नुहोस् र तिनीहरू उचाइमा कम हुनुका साथै देख्नमा कठिन हुन सक्छन्। कलिला साइकल यात्रीहरूले आश्चर्यजनक रूपमा दिशा परिवर्तन गर्ने सम्भावना हुन्छ। ड्राइभवे वा पार्क गरिएका गाडीहरू नजिकैबाट सडकमा प्रवेश गर्ने साइकल यात्रीहरूको बारेमा सचेत रहनुहोस्। कलिला साइकल चालकहरूलाई देख्न, र सुरक्षित रूपमा साझा सडक प्रयोग गर्नको लागि, विद्यालय क्षेत्रहरू र आवास क्षेत्रहरूमा गति सीमाको कठोर पालना गर्नुहोस्।

G. मोपेड तथा स्कुटरहरू

मोपेड र मोटर स्कुटरहरूका चालकहरूलाई सबै ट्राफिक नियमहरू लागू हुन्छ। गाडी चालकहरूले सधैँ मोपेड र स्कुटरहरूको बारेमा सचेत रहनुपर्दछ, किनभने आकारका कारणले यिनीहरूलाई देख्न कठिन हुन्छ।

मोपेड र स्कुटरहरूलाई कुनै पनि सडकमा चलाउन सकिन्छ जहाँ पोस्ट गरिएको अधिकतम गति सीमा 50 माइल प्रति घण्टा वा कम हुन्छ। यिनीहरू छेउ-छेउमा वा एक्लै, र सडक वा सोल्डरमा दौडिरहेका हुन सक्छन्। सामान्यत: तिनीहरूलाई व्यवहारिक र सुरक्षित भएसम्म सडकको दायाँ छेउ नजिकै चलाउनुपर्छ।

चौबाटोमा मोडिँदै गरेका वा सीधा गइरहेका र उछिन्नको लागि सानो ठाउँ भएका साँघुरो सडकहरूमा दौडिरहेका मोपेड र स्कुटरहरूको बारेमा विशेष सावधान रहनुहोस्।

खण्ड VIII - दुर्घटना र ट्राफिक विश्रामहरू

A. दुर्घटनाहरू

यदि तपाईं कुनै दुर्घटनामा पर्नुभएको छ जहाँ एक पैदल यात्री वा साइकल यात्री सहित कुनै व्यक्ति घाइते भएका छन् भने, तपाईं सोही स्थलमा रहनु अनिवार्य छ र:

- प्रहरी, दमकल र एम्बुलेन्सबाट मद्दत प्राप्त गर्नको लागि तुरुन्त 911 मा कल गर्नुपर्छ।
- दुर्घटनामा संलग्न भएको वा पर्नुभएको मानिसहरूको सङ्ख्या, चोट-पटकको प्रकार र दुर्घटनाको स्थान पहिचान गर्नुपर्छ।
- सवारी साधनहरू सार्नुहुँदैन।

यदि तपाईं जटिल चोट-पटक लागेको दुर्घटनास्थलबाट भागेको कसूरमा दोषी पाइनुभयो भने, तपाईंले गम्भीर सजायहरू सामना गर्नुपर्नेछ:

- तपाईंको इजाजत पत्रलाई फिर्ता गरिनेछ;
- तपाईंले 5 वर्ष सम्मको कैद सजाय र $5,000 सम्मको जरिवाना तिर्नुपर्नेछ।
- घटनास्थलमा मृत्यु भएको अवस्थामा, भाग्ने कार्य अपराध हो र तपाईंले 10 वर्षसम्मको कैद सजाय र $10,000 सम्मको जरिवाना तिर्नुपर्नेछ।

यदि कुनै चोट-पटक लागेको छैन, तर तपाईंको सवारी साधन चल्न सक्दैन भने;

- तुरुन्त 911 लाई कल गर्नुहोस्, दुर्घटनाको स्थान दिनुहोस्, कुनै पनि चोट-पटक लागेको छैन तर तपाईंलाई प्रहरीको सहयोग आवश्यक छ भनी भन्नुहोस्;
- आफ्ना आपत्कालीन फ्ल्यासर वा फ्लेयरहरूलाई आउँदै गरेका गाडीहरूलाई चेतावनी दिनको लागि प्रयोग गर्नुहोस्;
- धैर्य रहनुहोस् र ट्राफिकलाई रोक्नको लागि लेन क्रस गर्ने प्रयास नगर्नुहोस्। तपाईं ट्राफिकबाट टाढा रहने सुनिश्चित गर्नुहोस्।

यदि कुनै पनि चोट-पटक लागेको छैनन् र तपाईंको सवारी साधन चल्न सक्छ भने:

- सवारी साधनलाई ट्राफिकलाई आवश्यक भन्दा धेरै अवरोध नगरी सकेसम्म दुर्घटनास्थलबाट नजिकै रोक्नुहोस्। यदि कोही पनि घाइते भएको छैन भने, तपाईं र अन्य मोटर चालकहरूको सुरक्षालाई निश्चित गर्न, र ट्राफिक जाम हुन नदिनको लागि त्यसलाई सडकबाट पर सार्नुहोस्;



- महत्त्वपूर्ण जानकारी (नाम, ठेगाना, फोन नम्बर, इजाजत पत्र प्लेट नम्बर र राज्य, चालक अनुमतिपत्र नम्बर, सवारी साधन बनोट र मोडेल, र बीमा जानकारी) आदानप्रदान गर्नुहोस्;
- साक्षीहरूलाई उनीहरूका नाम, ठेगाना र फोन नम्बरहरू दिन अनुरोध गर्नुहोस्;
- टक्कर स्थान, मिति र समय, संलग्न सवारी साधनहरूको सङ्ख्या, मौसम अवस्था र सडक अवस्थाहरू नोट गर्नुहोस्;
- सवारी साधनमा भएको कुनै पनि क्षतिलाई नोट गर्नुहोस्;
- दुर्घटना कसरी भयो भन्ने बारेमा तथ्यहरू अभिलेख गर्नुहोस्;
- याद राख्नुहोस्, तपाईंले निम्न अवस्थामा सधैँ प्रहरीलाई कल गर्ने अनिवार्य छ:
  - कोही व्यक्ति घाइते भएमा;
  - सवारी साधनलाई चलाउन नसकिँदा;
  - चालक नसालु पदार्थको नसामा भएको जस्तो देखा परेमा;
  - चालकसँग इजाजत पत्र नहुँदा;
  - उचित जानकारी प्रदान नगरी चालकले दुर्घटनास्थल छाड्न खोजेमा;
  - सार्वजनिक सम्पत्ति क्षति भएको हुँदा।

यदि तपाईंले कुनै घरपालुवा जनावरलाई हिर्काइ चोट-पटक पुर्याउनुभयो भने, तपाईंले तुरुन्त प्रहरीलाई सूचना दिन आवश्यक छ।

यदि तपाईंले खाली सवारी साधनलाई वा अन्य खाली सम्पत्तिलाई हिर्काउनुभयो भने, तपाईंले निम्न कार्य गर्न आवश्यक छ;

- सवारी साधनलाई ट्राफिकलाई आवश्यक भन्दा धेरै अवरोध नगरी सकेसम्म दुर्घटनास्थलबाट नजिकै रोक्नुहोस्।
- सूचना दिन र जानकारी प्रदान गर्नको लागि चालक वा सम्पत्तिको मालिकलाई फेला पार्ने प्रयास गर्नुहोस्;
- ड्राइभर वा सम्पत्तिको मालिक फेला नपरेमा सूचना र तपाईंको जानकारीलाई एक प्रत्यक्ष सुरक्षित स्थानमा छाड्नुहोस्।

B. ट्राफिक रोकिने ठाउँहरू

मेरील्यान्ड सवारी साधन कानूनलाई उल्लङ्घनको अभियोग लगाइएका व्यक्तिहरूलाई कानून कार्यान्वयन अधिकारीहरूले लिखित समाह्वान (अदालत वा निर्णयाअधिकारी समक्ष उपस्थित हुनु भन्ने) पूर्जी जारी गर्दछन्। तपाईंले रोकिएको समयमा अधिकारीको निर्देशनहरू पालना गर्नु अनिवार्य छ, अन्यथा तपाईंलाई गिरफ्तार गरिनेछ।

यदि तपाईंलाई प्रहरी अधिकारीद्वारा रोकियो भने:

- ट्राफिकबाट सकेसम्म टाढाको सडकको छेउमा रोक्नुहोस्। तपाईंका फ्ल्यासरहरू बन्द गर्नुहोस्;
- आफ्नो इन्जिन र रेडियो बन्द गर्नुहोस् र आफ्नो झ्याल तल सार्नुहोस् जसले गर्दा तपाईंले प्रहरी अधिकारीसँग कुरा गर्न सक्नुहुनेछ;
- आफ्नो सवारी साधन भित्र रहनुहोस् र आफ्नो सिटबेल्ट बाँधेर राख्नुहोस्;
- आफ्ना हातहरू समतल दृश्यमा – सकभर स्टियरिङ व्हीलमा राख्नुहोस्। अधिकारीलाई तपाईंले केही लुकाइरहनुभएको वा केही कुरा निकाल्न खोजिरहनुभएको जस्तो सोच्ने मौका दिनुहोस्।
- यदि अधिकारीले पुर्जी जारी गरे भने, उक्त पुर्जीका बारेमा अधिकारीसँग विवाद नगर्नुहोस्। यदि तपाईं अदालतमा जानुभयो भने तपाईंले आफ्नो मुद्दा पेश गर्ने मौका हासिल गर्नुहुनेछ।

धारा IX - अन्य प्रतिबन्धहरू, उल्लङ्घनहरू र दण्डहरू

A. प्रतिबन्धहरू

इजाजतपत्र वाहकहरूले सवारी साधनको सुरक्षित ड्राइभिङ गर्ने कुरा सनिश्चित गर्नको लागि ड्राइभरको इजाजत पत्रमा केही प्रतिबन्धहरू लागू गर्न MVA लाई अधिकार प्राप्त छ। प्रतिबन्ध(हरू)को उल्लङ्घन गरी सवारी साधन चलाउनु एक गम्भीर अपराध हो र यसको फलस्वरूप ड्राइभिङ सुविधा खोसिन सक्छ।

तपाईंको इजाजतपत्रको स्थितिको आधारमा अतिरिक्त प्रतिबन्धहरू पनि लागू हुन सक्छन्। 18 वर्ष भन्दा तलका स्नातक प्राप्त इजाजतपत्र वाहकहरूमा निम्न अतिरिक्त ड्राइभिङ प्रतिबन्धहरू लागू हुन सक्छन्:

- **"सिटबेल्ट प्रतिबन्ध"** - उमेर वा बस्ने स्थान जेसुकै भए पनि चालक र प्रत्येक यात्रीले सिट बेल्ट वा बाल सुरक्षा सिट नबाँधेको अवस्थामा अस्थायी इजाजतपत्र वाहकहरूलाई सवारी साधन चलाउन निषेध गरिएको छ।
- **"यात्री प्रतिबन्ध"** - अस्थायी इजाजतपत्र वाहकहरूले, अस्थायी अवधिको प्रथम 5 महिनाको (151 दिन) अवधिमा, योग्य सुवरीवेक्षक चालकको साथ नभएमा वा यात्रीहरू प्रत्यक्ष पारिवारिक सदस्यहरू नभएमा, 18 वर्ष मुनिका यात्रीहरू बोक्न पाउनेछैनन्। अस्थायी इजाजतपत्र वाहकको प्रत्यक्ष पारिवारिक सदस्यहरू भनेका निजको पति/पत्नी, छोरी, छोरा, सौतेला छोरी, सौतेला छोरा, दाजू-भाइ, दिदी-बहिनी, सौतेला दाजू-भाइ वा दिदी-बहिनी वा उही ठेगानामा बस्ने आफन्त।
- **"रात्री समय प्रतिबन्ध"** -अस्थायी इजाजतपत्र वाहकहरूलाई निम्न अवस्थामा सुपरीवेक्षक सवारी चालकको अनुपस्थितमा बिहान 12:00 बजे देखि बेलुकी 5:00 बजेसम्म ड्राइभ गर्न अनुमति दिइन्छ:
  - इजाजतपत्र बाहकको कार्यालय जानआउन वा रोजगारीको सिलसिलामा;
  - एक संगठित स्वयंसेवी कार्यक्रममा जानआउन;
  - औपचारिक विद्यालय क्रियाकलापको लागि जानआउन, वा
  - खेलकुद कार्यक्रम वा सम्बन्धित तालिम सत्रमा सहभागी हुने अवसरको लागि जानआउन।
- **"वायरलेस यन्त्र प्रतिबन्ध"** - 911 आपतकालीन कलको अपवाद बाहेक, सवारी साधन चलाउँदा सबै अस्थायी इजाजतपत्र र सिकारु अनुमतिपत्र वाहकहरूलाई वायरलेस सञ्चार यन्त्र (ह्यान्ड-फ्रि फोनलगायत) प्रयोग गर्न निषेध गरिएको छ।

निवेदकलाई सूचना - परोक्ष सहमति

मेरील्यान्डमा, राजमार्गमा वा सामान्यत सर्वसाधारणद्वारा प्रयोग गरिने कुनै पनि निजी सम्पत्तिमा सवारी साधन चलाउने वा चलाउन प्रयास गर्ने कुनै पनि व्यक्तिले, मादक पदार्थको मात्रा निर्धारण गर्नको लागि जाँच गराउन वा लागू पदार्थ वा नियन्त्रित खतरनाक पदार्थको मात्रा निर्धारण गर्ने जाँच गराउनको लागि सहमति जनाउँछ।

सवारी चालकले लागूपदार्थ, मादक पदार्थ, वा नियन्त्रित पदार्थको प्रभावमा सवारी चलाइरहेका छ भन्ने मनासिब कारण भएमा प्रहरी अधिकारीले उक्त चालकलाई लागूपदार्थ पहिचान विशेषज्ञसमक्ष रक्त जाँचको नमुना दिन लगाउन सक्नेछन्।

व्यक्तिलाई लागूपदार्थ वा मादकपदार्थ जाँच लिनमा जबरजस्ती गर्न सकिँदैन। तर, जाँच अस्वीकार गरिएको थियो भनी प्रहरी अधिकारीले लिखित बयान उपलब्ध गराएमा, MVA ले जाँच अस्वीकार गरेका कारण जनाई निलम्बन अवधि लागू गर्न सक्छ।

जाँच मन्जुर गर्ने र मादक पदार्थको मात्रा 0.08 वा उच्च भएको परिणाम आएको चालकको इजाजतपत्र MVA ले निलम्बन गर्नेछ।

C. झुटो वा जाली पहिचान पत्र, सवारी चालक अनुमतिपत्र वा सिकारूको निर्देशनमूलक अनुमति

कानूनले भन्छ, यदि तपाईंले झुटो वा जाली पहिचान पत्र, सिकारूको निर्देशनमूलक अनुमति वा सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने प्रयास गर्नुभयो भने, संघीय र राज्य कानूनबमोजिम तपाईंलाई जरिवाना र/वा कैद गर्न सकिन्छ।

मादक पदार्थहरू खरिद गर्न, साथमा राख्न वा हासिल गर्नको लागि आफ्नो उमेर गलत रूपमा प्रस्तुत गर्नु कानूनको उल्लङ्घन हो। माथिका दण्डहरूको अलावा, तपाईंको चालक इजाजतपत्रलाई निलम्बन पनि गर्न सकिन्छ।

D. प्रशासनिक कार्यवाहीहरू

MVA ले सवारी साधन कानूनहरूको उल्लङ्घनहरूको लागि इजाजतपत्र निलम्बन गर्न, फिर्ता लिन, अस्वीकार वा रद्द गर्न सक्छ। MVA ले प्रस्तावित प्रशासकीय कार्यवाही, कार्यवाही गरिनुको कारण र कार्यवाही बदल्न वा लागू नगराउनको लागि व्यक्तिले केके कदमहरू लिन सक्नेछन् भनी एक सूचना व्यक्तिको अभिलेखमा भएको ठेगानामा पठाउनेछ। प्रायजसो मुद्दाहरूमा, प्रशासकीय कार्यवाही किन गर्नहुनुहुँदैन भनी कारण देखाउनको लागि एक प्रशासकीय सुनुवाई अनुरोध गर्न सकिन्छ। मेरील्यान्ड सवारी साधन कानूनअनुरूप निलम्बित, फिर्ता लिइएको, अस्वीकृत वा रद्द गरिएको कुनै पनि इजाजतपत्र फिर्ता बुझाउनुपर्छ। MVA ले इजाजतपत्र प्राप्त गरेपछि मात्र निलम्बन, फिर्ता, वा प्रतिबन्धको अवधिको क्रेडिट शुरु हुन्छ।

1. **चालकको इजाजतपत्र निलम्बन**
   मेरील्यान्ड चालकको इजाजतपत्र निलम्बन हुनु भनेको सवारी साधन चलाउने सुविधा अस्थायी रूपमा फिर्ता लिनु हो। केही मुद्दाहरूमा, MVA ले व्यक्तिलाई एक बन्देजपूर्ण चालक इजाजतपत्र प्रदान गर्न सक्छ। बन्देजपूर्ण इजाजतपत्रले व्यक्तिलाई विशेष उद्देश्यहरूको लागि मात्र सवारी साधन चलाउने अनुमति दिन्छ, उदाहरणको लागि - रोजगारी र शैक्षिक उद्देश्यहरू।

2. **सवारी चालक अनुमतिपत्र फिर्ता**
   मेरील्यान्ड चालक इजाजतपत्र फिर्ता हुनु भनेको व्यक्तिले सुरक्षित साथ सवारी साधन चलाउन सक्छ भनी MVA ले निर्धारण नगरेसम्म सवारी साधन चलाउने सुविधा फिर्ता लिनु हो। तोकिएको समयमा अन्त्य हुने निलम्बन अवधि जस्तो नभइ, फिर्ता भएको मामिलामा निवेदन दिनको लागि न्यूनतम प्रतिक्षा अवधि हुन्छ र उक्त निवेदन MVA द्वारा अस्वीकार पनि हुन सक्नेछ।

3. **सवारी चालक अनुमतिपत्र रद्द**
   रद्द गरिएको चालक इजाजतपत्र भनेको ड्राइभिङ गर्ने सुविधाको अन्त्य गरिएको अवस्था हो। यदि इजाजतपत्र बाहकलाई इजाजतपत्र जारी गर्न अधिकार नभएको भएमा, इजाजतपत्रको लागि निवेदन गर्दा आवश्यक वा सही जानकारी नदिएमा, वा निवेदन गर्न वा इजाजतपत्र प्राप्त गर्नमा जालसाजी गरेको भएमा MVA ले चालकको इजाजतपत्र रद्द गर्न सक्छ। बुवा-आमाले नाबालिग बच्चाको चालक इजाजतपत्र रद्द गर्न अनुरोध गर्न सक्छन् (धारा II F हेर्नुहोस्)।

E. प्रतिबन्धहरू

अस्थायी इजाजतपत्र बाहकले पूर्ण इजाजतपत्र पाउने स्थितिको लागि योग्य हुनुपहिले एक निर्धारित अपराधमुक्त अवधिसम्म एक वैध अस्थायी इजाजतपत्र धारण गर्न अनिवार्य छ। अस्थायी इजाजतपत्र धारण गरेको समयमा गति उल्लङ्घनहरूको लागि कसूरदार ठहरिँदा वा "निर्णयपूर्व अस्थायी छुटकारा" (PBJ) पाएको अवस्थामा चालक सुधार कार्यक्रममा सहभागी भई पूरा गर्नुपर्छ र/वा चालकको इजाजतपत्र निलम्बन वा फिर्ता भई रोजगार र शिक्षाको लागि मात्र भन्ने बन्देज लगाइन्छ।

यदि इजाजतपत्र बाहक 18 वर्षभन्दा कम उमेरको छ र अस्थायी इजाजतपत्रको साथमा गति उल्लङ्घनको लागि कसूरदार ठहरिन्छ निर्णयपूर्व अस्थायी छुटकारा पाउँछ भने, निजलाई निम्न सजायहरू लागू हुन्छन्:

- प्रथम कसूरको लागि इजाजतपत्र बाहकले चालक सुधार कार्यक्रममा सहभागी भई पूरा गर्न आवश्यक पर्दछ;
- दोस्रो कसूरको लागि 30-दिनको लागि चालक इजाजत पत्र/सुविधा निलम्बन गरिन्छ र तत्पश्चात् 90 दिनको लागि रोजगार र शिक्षाको लागि मात्र भन्ने बन्देज लगाइन्छ;
- तेस्रो कसूरको लागि 180-दिनको लागि चालक इजाजतपत्र/सुविधा निलम्बन गरिन्छ, जवान चालकहरूको लागि निर्मित चालक सुधार कार्यक्रममा सहभागी हुन आवश्यक पर्छ, र 180 दिनको लागि रोजगार र शिक्षाको लागि मात्र भन्ने बन्देज लगाइन्छ।
- चौँथो वा त्यसपछिको कसूरको लागि चालकको इजाजतपत्र/सुविधा फिर्ता गरिन्छ र पुन: इजाजतपत्र लिँदा इजाजतपत्र लिने सबै परीक्षाहरूमा उत्तीर्ण हुन आवश्यक हुन्छ।

यदि अस्थायी इजाजतपत्र वाहक 18 वर्ष भन्दा धेरै उमेरको छ र अस्थायी इजाजतपत्रको साथमा गति उल्लङ्घनको अभियोगमा कसुरदार ठहरिन्छ वा निर्णयपूर्व अस्थायी छुटकारा पाउँछ भन, निजलाई निम्न प्रतिबन्धहरू लागू हुन्छन्:

- प्रथम कसूरको लागि इजाजतपत्र बाहकले चालक सुधार कार्यक्रममा सहभागी भई पूरा गर्न आवश्यक पर्दछ;
- दोस्रो कसूरको लागि 30-दिनको लागि चालकको इजाजतपत्र/सुविधा निलम्बन गरिन्छ;
- तेस्रो वा त्यसपछिको कसूरको लागि चालक इजाजतपत्र/सुविधा 180-दिनको लागि निलम्बन वा फिर्ता गरिन्छ।

माथिका सजायहरू कसुरदार ठहरिँदा लाग्ने अन्य सजायहरूको साथमा थप रूपमा लागू हुन्छन्। साथै, गति उल्लङ्घन (कसूर) को लागि कसूरदार ठहरिँदा वा निर्णयपूर्व अस्थायी छुटकारा पाउँदा इजाजतपत्र बाहकले स्वतः 18-महिने अपराध-मुक्त अवधि सुरु गर्न आवश्यक पर्दछ।

F. अपाङ्ग पार्किङ स्थलहरूको प्रयोग, लाइसेन्स प्लेट तथा प्लेकार्डहरू

अपाङ्ग पार्किङ स्थल र अपाङ्ग लाइसेन्स प्लेट तथा प्लेकार्डहरूको गैर-कानूनी प्रयोग वा दुरुपयोगको लागि ठूला जरिवानाहरू गर्न सकिनेछ। निम्न उल्लङ्घनहरूको लागि समाह्वान पूर्जीहरू जारी गर्न सकिनेछ:

- तपाईंसँग MVA द्वारा जारी गरिएका अपाङ्गता लाइसेन्स प्लेट तथा प्लेकार्ड नभएमा वा यस्तो सुविधाको लागि योग्य भएको व्यक्तिले सवारी साधनलाई चलाएको वा निजलाई सो सवारीमा राखी कहीँ लगिँदै गरेको अवस्था नभएमा अपाङ्ग पार्किङ स्थलहरूमा पार्किङ गर्दा;
- कर्ब कट (बाटोको छेउमा उठाइएको किनारा बीचमा काटेर अर्को बाटोमा जोड्न समतल पारिएको भागअगाडि पार्किङ गर्दा यसको कुनै पनि भागमा ब्लकिङ गर्दा (तपाईंसँग अपाङ्गता लाइसेन्स प्लेट तथा प्लेकार्ड भए तापनि);
- अपाङ्ग पार्किङ स्थलको छेउमा बनाइएको एक्सेस आइल अर्थात अपाङ्ग व्यक्तिहरू सवार वाहन लैजाने ठाउँमा पार्किङ (यदि तपाईंसँग लाइसेन्स प्लेट तथा प्लेकार्ड भए तापनि);
- म्याद समाप्त भएपछि अपाङ्गता प्लेकार्ड प्रयोग गर्दा;
- अपाङ्गता भएको व्यक्ति उपस्थित नभई र निजलाई कही लगिँदै गरेको अवस्था नभई र उचित पहिचानपत्रहरू बिना अपाङ्गता लाइसेन्स प्लेट तथा प्लेकार्ड प्रयोग गर्दा;
- अपाङ्गता लाइसेन्स प्लेट तथा प्लेकार्डको लागि निवेदन दिँदा कुनै पनि जालसाजी वा गलत विवरण प्रस्तुत गर्दा।

अपाङ्गता पार्किङ सम्बन्धमा अतिरिक्त जानकारी MVA वेबसाइटमा गई प्राप्त गर्न सकिन्छ।

धारा X - अन्य महत्त्वपूर्ण जानकारी

A. MVA लाई प्रतिवेदन गर्नुपर्ने चिकित्सा अवस्थाहरू

यदि कुनै व्यक्तिलाई सवारी चलाउने क्षमतालाई प्रभाव पार्नसक्ने तल सूचीबद्ध गरिएका कुनै पनि अवस्थाहरू भएमा MVA को चालक तन्दुरुस्ती तथा सुरक्षा विभाग र/वा चिकित्सा परामर्श बोर्डको अनुमति आवश्यक हुन्छः यदि कसैसँग यीमध्ये कुनै पनि चिकित्सा अवस्थाहरू भएमा, उनीहरूले अवस्था निदान भएपछि वा चालक इजाजतपत्रको लागि निवेदन दिँदा वा नवीकरण गर्दा MVA लाई सूचना दिनु अनिवार्य छ।

- मधुमेह जसको कारण रगतमा सुगरको मात्रा न्यून भई गत 6 महिनामा अर्को व्यक्तिबाट सहयोग आवश्यक परेको प्रसङ्ग;
- छारेरोग;
- सिजर (एक्कासी लाग्ने बिराम, झट्का);
- मुटुको यस्तो अवस्था जसको कारण गत 6 महिनाभित्र तपाई बेहोश हुनुभयो;
- स्ट्रोक (आघात);
- तपाईंलाई रिङ्गटा लाग्ने, बेहोस हुने वा तिरमिराउने अवस्था;
- श्वास रोकिने (स्लिप अप्निया) वा निद्रारोग (नार्कोलेप्सी);
- धेरैपल्ट गम्भीर मस्तिष्क चोटपटक (TBI) लागेको;
- पाखुरा, हात, खुट्टा वा पैतालाहरूमा कमजोरी, कम्पन वा सम्वेदनशुन्यता गराउँने अवस्था जसले तपाईंको सवारी साधन चलाउने क्षमतालाई प्रभाव पार्न सक्छ;
- हात, पाखुरा, खुट्टा छैन, काटिएको छ वा तपाईंको ड्राइभ गर्ने क्षमतालाई प्रभावित गर्न गरी हातखुट्टाको प्रकार्य क्षमता गुमेको छ;
- आँखामा समस्या छ जसको कारण चश्मा वा लेन्श लाउँदा पनि एउटा आँखामा कम्तीमा 20/70 को न्युनतम भिजुअल एक्वीइटी ल्याउन सकिन्न वा कम्तीमा पनि 110 डिग्रीको बाइनोकुलर फिल्ड अफ भिजन हुँदैन;
- मादक पदार्थ खाने समस्या;
- लागू पदार्थ सेवन गर्ने समस्या;
- मानसिक स्वास्थ्य अवस्था जसले तपाईंको सवारी साधन चलाउने क्षमतालाई असर गर्दछ;
- सिजोफ्रेनिया (पागलपन); वा
- डिमेन्सिया।

B. सुपरीवेक्षक सवारी चालक - आवश्यकता तथा जिम्मेवारीहरू

मेरील्यान्डको सिकारु अनुमति वाहकले सिकारु अनुमतिमा तोकिएका सवारी साधनहरू वा तोकिएका वर्गका सवारी साधनहरूमात्र चलाउन सक्छन् र निजले यस्तो सुपरीवेक्षक चालकको सुपरीवेक्षणमा मात्र सवारी चलाउन सक्छन् जो:

- कम्तीमा पनि 21 वर्षको छ;
- मेरील्यान्ड वा अर्को राज्यमा कम्तीमा पनि तीन वर्षदेखि अनुमति प्राप्त गरी परमिट वाहकद्वारा चलाइएको सवारी साधनहरूको वर्गका सवारी साधनहरू चलाउन सक्छ;
- सो सवारी साधन मोटरसाइकल भएको अवस्थामा बाहेक, सिकारु अनुमति वाहकको छेउमा बसेको छ।

C. अंग दाता

मेरील्यान्डका निवासीहरूले मृत्युपश्चात अंग वा तन्तुहरू दान दिएर कसैलाई जीवन र स्वास्थ्य उपहार दिन सक्छन्। 18 वर्ष वा माथिका कुनै पनि व्यक्ति अंग दाता हुन सक्छ। यदि बुवा-आमा वा अभिभावकले लिखित रूपमा सहमति जनाए भने कम्तीमा पनि 16 वर्षका नाबालिगहरूले अंग दाता उपाधी थप्न सक्छन्। तपाईंको इजाजतपत्रको निवेदन वा नवीकरण सूचनामा "यदि तपाईंको मृत्यु भएमा, तपाईं अंग दाता भई अरूहरूलाई मद्दत गर्न इच्छा गर्नुहुन्छ भने कृपया चिन्ह लगाउनुहोस्," भन्ने कथनलाई खोज्नुहोस्। "हो" भनी चिन्ह लगाउनाले, तपाईंले सबै आवश्यक व्यक्तिगत जानकारीलाई मेरील्यान्ड स्वास्थ्य तथा मानसिक स्वस्थता विभागमा पठाई मेरील्यान्ड अंग दाता दर्ता खातामा राख्न अधिकार दिनुहुन्छ। अंग दाता कार्यक्रम बारे थप जानकारी MVA वेबसाइटमा फेला पार्न सकिन्छ।

D. मत हाल्न दर्ता गर्नुहोस्

प्रायजसो "मोटर भोटर" भनी चिनिने राष्ट्रिय मतदाता दर्ता ऐन, 1993 एक संघीय कानून हो जसले MVA लाई त्यसका योग्य ग्राहकहरूलाई चालक इजाजतपत्र वा फोटो पहिचान (आइडी) कार्ड लिने प्रक्रियामा, मतदान दिनको लागि वा मतदान जानकारी अद्यावधिक गर्नको लागि निवेदन दिने अवसर प्रदान गर्न अनिवार्य गराएको छ।

E. बीमा आवश्यकताहरू

मेरील्यान्डमा दर्ता गरिएका सबै सवारी साधनहरूलाई मेरील्यान्डमा इजाजत दिइएको कम्पनीमा बीमा गरिएको हुनु अनिवार्य छ। सवारी साधन मालिकहरूले उनीहरूका सवारी साधनहरूलाई कानूनले तोकेको रकमअनुसारको व्यक्तिगत चोट-पटक र सम्पत्ति क्षति उत्तरदायित्वको लागि बीमा गर्न अनिवार्य छ। सम्झनुहोस्: सवारी साधन बीमा बिना सवारी साधन चलाउनु कानूनविपरित कार्य हो! यदि तपाईंले सबै सवारी साधनहरूको सवारी साधन बीमा गर्नुभएन भने, तपाईंलाई प्रत्येक वर्ष प्रति सवारी साधन $2500 सम्म जरिवाना लाग्न सक्छ। बीमाको तोकिएको रकम सम्बन्धमा थप जानकारीको लागि MVA वेबसाइट हेर्नुहोस्।

अक्टोबर 1, 2016 मा लागू भएअनुरूप, सबै चालकहरूले आफूसँग, सवारी साधन चलाएको जुनसुकै समयमा, वैध बीमा पहिचान कार्ड हुन आवश्यक छ। यो कार्ड इलेक्ट्रोनिक ढाँचामा हुन सक्छ र कानून कार्यान्वयन अधिकारीले मागेमा देखाउनु अनिवार्य छ। यो निमय पालना गर्नुभएन भने तपाईलाई जरिवानाहरू लाग्न सक्नेछ।

F. सिट बेल्ट सम्बन्धी कानून



मेरील्यान्ड सवारी साधन कानूनले चालक र अगाडिको सिटमा ढोकाको छेउमा बस्ने यात्रीले सिट बेल्ट लगाउन अनिवार्य गरेको छ। यस अलावा, 16 वर्षभन्दा कम उमेरका कुनै पनि व्यक्तिले बस्ने स्थान जस्तोसुकै भए पनि सिट बेल्ट लाउन अनिवार्य छ वा यदि लागू भएमा, बाल सुरक्षा सिटमा रहनु अनिवार्य छ। यदि चालकको उमेर 18 वर्ष भन्दा कम छ र अस्थायी इजाजतपत्र छ भने, चालक र ***सबै*** यात्रीहरूले सिट बेल्ट लाउन वा यदि लागू भएमा बाल सुरक्षा सिटमा रहनु अनिवार्य छ।

G. बाल सुरक्षित सिटहरू

बच्चाको उचाइ 4'9" वा अल्गो नभएसम्म, आठ वर्ष भन्दा कम उमेरका सबै बालबालिकाहरूले उचित बाल सुरक्षा सिटमा बसेर यात्रा गर्नुपर्छ। यस्तो सुरक्षा उपकरण वा अंकुश बच्चाको सुरक्षित सिट र सवारी साधन उत्पादकको निर्देशनहरूमा आधारित रहेर प्रयोग गरिनुपर्छ। बाल सुरक्षित सिटहरूमा गाडी सिटहरू, बुस्टर सिटहरू वा संघीय कानूनले अनुमति दिएका अन्य बाल सुरक्षा यन्त्रहरू पर्दछन्। यदि तपाईंले बाल सुरक्षा सिट खरीद गर्न वा प्राप्त गर्न सक्नुभएन भने, तपाईंले 800-370-SEAT मा मेरील्यान्ड स्वास्थ्य तथा मानसिक स्वस्थता विभागको किड्स इन सेफ्टी सिट्स (KISS) लाई सम्पर्क गर्न सक्नुहुन्छ। KISS ले राज्यका विभिन्न क्षेत्रहरूमा भाडामा दिने कार्यक्रमहरू सञ्चालन गर्दछ जसले कार सिट वा बुस्टर सिटहरू खरीद गर्न असक्षम परिवारहरूलाई न्यूनतम शुल्कमा भाडामा उपलब्ध गराउँछन्। क्षेत्रअनुसार सिट उपलब्धता फरक हुन सक्छ।

H. वायु झोलाहरू

वायु झोलाहरू महत्त्वपूर्ण सुरक्षा यन्त्रहरू हुन् जसले दुर्घटनामा सुरक्षा प्रदान गर्दछ। उत्कृष्ट सुरक्षाको लागि:

- तिनीहरूलाई सवारी साधनको काख र पाखुरा बेल्टको संयोजनासँग प्रयोग गर्न अनिवार्य छ;
- पछाडि-फर्केको गाडीको सिटमा भएको बालबालिकाले यात्री वायु झोला भएको सवारी साधनको अगाडिको सिटमा कहिले पनि यात्रा गर्नुहुँदैन।
- स्टियरिङ व्हीलबाट व्यवहारिक भएसम्म परै बस्नुहोस्। स्टियरिङ व्हील देखि छातीसम्म 10-12 इन्च कायम राख्ने प्रयास गर्नुहोस्;
- 13 वर्ष मुनिका बालबालिकाहरूले पछाडिको सिटमा उचित बाल सुरक्षा सिट वा सिट बेल्ट बाँधी यात्रा गर्नुपर्दछ।
- गर्भवती महिलाले सिट बेल्टको काखमा पर्ने भागलाई कम्मरमा सकेसम्म तल्लो भागको पेटमा नितम्बमा पर्ने गरी र माथिल्लो फिलाहरू पारी लगाउनुपर्दछ र बाहु बेल्टलाई भुँडीको वरिपरि लगाउनुपर्दछ।

I. एन्टि-लक ब्रेक प्रणाली (ABS) बाट ब्रेक लगाउने

एन्टि-लक ब्रेक प्रणाली (ABS) लाई तपाईंका व्हीलहरूलाई लक हुनबाट रोक्न र तपाईंलाई स्टियर गर्न अनुमति दिनको लागि तयार गरिएका हुन्छन्। सवारी साधनको कम्प्युटरले एक वा धेरै चक्काहरू लकमा छन् भनी पत्ता लगाउँछ, लकिङबाट बच्नको लागि ABS ले अझ द्रुत दरमा ब्रेकहरू पम्प गर्न सुरु गर्दछ। जब ABS संलग्न हुन्छ, तपाईंले ब्रेकहरूबाट रम्बल (आवाज) सुन्न सक्नुहुनेछ र तपाईंको खुट्टा मुनि ब्रेक पेडल भाइब्रेट हुनेछ। तपाईंले एन्टि-लक ब्रेक प्रणाली सम्बन्धमा थप जानकारीको लागि आफ्नो सवारी साधन धनीको म्यानुअलमा हेर्नुपर्दछ।

J. हेडसेट, इयरफोन तथा इयरप्लगहरूको प्रयोग निषेधित

सवारी साधन चलाउँदा दुवै कानमा भएका वा दुवै कानलाई ढाक्ने गरी, रेडियो, पोर्टेबल अडियो यन्त्र, CD प्लेयर वा अन्य अडियो उपकरणहरूसँग जोडिएका इयरप्लगहरू, हेडसेटहरू वा इयरफोनहरू लगाउन निषेधित गरिएको छ। सुन्न मद्दत गर्ने यन्त्रहरू लगाउन भने अनुमति हुन्छ।

K. समानान्तर पार्किङ

अहिले बाटोमा सवारी चलाउने सीप जाँचमा समानान्तर पार्किङ आवश्यक पर्दैन, तर अझै पनि यसलाई ड्राइभिङ शिक्षा पाठ्यक्रममा समावेश गरिएको छ। यो कौशलतामा हेर्ने सीपहरू, खालीठाउँको ठम्याइ, ऐनाको प्रयोग र मोड संकेतहरू, स्टियरिङ, ब्रेक र एक्सलरेसन नियन्त्रण आदि परे तापनि, यी सीपहरूलाई "उल्टो दुई-बिन्दु मोड" को बेला प्रदर्शित गरिँन्छ, जुन बाटोमा सवारी चलाउने सीप जाँचको बेलामा आवश्यक पर्दछ।

L. उल्टो दुई-बिन्दु मोड

मौलिक "C" वर्गको चालक इजाजतपत्रको लागि निवेदन दिने सबै निवेदकहरूको लागि आवश्यक पर्छ। यो कौशलतामा निवेदकको हेर्ने सीपहरू, पछाडि सार्ने सीपहरू, खालीठाउँको ठम्याइ, ऐनाको प्रयोग र मोड संकेतहरू, स्टियरिङ, ब्रेक, एक्सलरेसन नियन्त्रण र सामान्य ड्राइभिङ सीपहरूको प्रयोगको प्रदर्शन गर्दछ। मोडलाई 10' बाई 20' ठाउँमा पूर्ण गर्न अनिवार्य छ।

M. साइकल यात्रीहरूको लागि नियम तथा सुझावहरू

सवारी साधन चालकहरू जस्तै, साइकल यात्रीहरूलाई पनि सडकमा सुरक्षित साथ बाहन चलाउने अधिकार र जिम्मेवारी दुवै हुन्छ। एक सुरक्षित र नम्र साइकल यात्री भई आफ्नो भूमिका निभाउनुहोस्।

सडकका नियमहरू पालना गर्नुहोस्

सीधा र एउटा रेखामा, एक अनुमान गर्न सकिने व्यवहारमा सवारी चलाउनुहोस्। सडक जोखिमहरू र ट्राफिक र खुला गाडीका ढोकाहरू छल्नको लागि पहिले नै योजना बनाउनुहोस् र आवश्यक समय निकाल्नुहोस्। पैदलयात्रीलाई बाटो छोड्नुहोस् र सबै ट्राफिक सङ्केत र चिन्हहरूको पालना गर्नुहोस्।

दौडिरहेका अन्य सवारी साधनसँगै सवारी चलाउनुहोस्

सधै दायाँतर्फ सवारी चलाउनुहोस्। यदि दायाँतर्फबाट अन्य सवारी साधनभन्दा अघि जाँदैहुनुहुन्छ भने सावधानी अपनाउनुहोस्। चौबाटोमा पुग्दै गर्दा, तपाईंले यात्रा गर्न चाहेको दिशाको लागि उपयुक्त लेनको प्रयोग गर्नुहोस् (बायाँ, सिधा, दायाँ)।

सबै मोडहरूको सङ्केत गर्नुहोस्

तपाईंले लेन परिवर्तन गर्नुभन्दा वा मोड्नुभन्दा पहिले पछाडि हेर्नुहोस्। यी मध्ये कुनै एक सङ्केतको प्रयोग गरी सुरक्षित रूपमा सङ्केत गर्नुहोस्।



सुरक्षित रूपमा बायाँहाते मोडहरू गर्नुहोस्

तपाईं यात्रा लेन (वा बायाँ मोड्ने लेन) को बायाँतिर गएर सवारी साधन (1) को रूपमा बायाँ मोड्न सक्नुहुन्छ वा पैदलयात्री (2) जस्तै गरी रोकिने, उत्रिने र बाटो काट्ने ठाउँ हुँदै हिड्ने गरेर बाटो काट्न सक्नुहुन्छ।

चिप्लो सडक अवस्थाहरूको लागि तयार रहनुहोस्

पानी वा हिउँमा ब्रेक लगाउँदा, सडकमा पोतेका संकेत चिन्हहरू र ग्याँस, पानी, बिजुलीको आवरणहरू हेर्न र रोक्नको लागि अतिरिक्त दूरी निकाल्नुहोस्, जुन चिप्लो हुनसक्छ।

स्पष्ट देखिने हुनुहोस्--रातिमा बत्तीहरूको प्रयोग गर्नुहोस्

रातिमा सवारी गर्दा, मेरिल्याण्ड राज्य कानूनअनुसार अगाडि एउटा सेतो हेडलाइट र पछाडि कम्तीमा 600 फिटसम्मबाट स्पष्ट देखिने रातो परावर्तक बत्ती हुनु आवश्यक छ। यस अलावा, तपाईले दिनमा चम्किलो कपडा र रातिको यात्रामा परावर्तक कपडा लगाउन सिफारिस गरिन्छ।

साइकलको उपकरण

16 वर्ष मुनिका साइकल चालक वा यात्रुहरूको लागि हेल्मेट आवश्यक हुन्छ। तर, सम्पूर्ण उमेका चालक वा यात्रुहरूलाई हेलमेट प्रयोग गर्न सिफारिश गरिन्छ।

नियमअनुसार, सबै साइकलहरूमा निम्न उपकरणहरू हुनुपर्छ:

- सुखा, समतल, सफा पेभमेन्टमा 10mph को गतिबाट 15 फिटभित्र रोक्न सक्ने क्षमता भएका ब्रेकहरू।
- यदि राती वा प्रतिकूल प्रकाशको अवस्थाहरूमा सवारी गरिएको भए 500 फिटको दूरीमा देख्न सकिने एक सेतो बिम हेडलाइट र 600 फिटको दूरीमा देख्न सकिने एक रातो पछाडिको रिफ्लेक्टर।
- एक सुरक्षा सिट, साइकलमा सहज रूपमा बाँधिएको वा यदि सानो बच्चासँग यात्रा गरिरहेको छ भने एक ट्रेलर प्रयोग गर्नुपर्छ;
- दुवै हातहरू ह्यान्डलबारमा राख्न सकिन्छ भनी साना वस्तुहरू ढुवानी गर्दा एक बाइसाइकल बास्केट, र्‍याक वा झोला प्रयोग गर्न अनिवार्य छ।

टिप्पणीहरू

टिप्पणीहरू

टिप्पणीहरू